सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ पुस २०८०, शनिबार (30 Dec 2023, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



कोरियाको सपनासँगै ढले दुई युवा

इपिएस शाखाले कोरिया जाने परीक्षासम्बन्धी विवाद समाधानको समयमै पहल नगर्दा भड्किएका युवाले मन्त्रीको गाडी जलाए भने प्रहरीले संयम गुमाउँदै गोलीसहितको बल प्रयोग गर्दा दुई युवाले ज्यान गुमाए

■ छानबिन गर्न डिआइजी लालमणि आचार्यको नेतृत्वमा तीन सदस्यीय समिति

नवराज मैनाली, मुना कुँवर

रोजगारीका लागि दक्षिण कोरिया जाने परीक्षाका लागि आवेदन दिन नपाएपछि प्रदर्शनमा उत्रिएका युवामाथि प्रहरीले बल प्रयोग गर्दा दुईजनाको ज्यान गएको छ। ललितपुरको बालकुमारीमा भएको झडपका क्रममा अछाम चौरपाटी- १ का २१ वर्षीय वीरेन्द्र शाह र दैलेख महाबु- ६ का सुजन राउतको मृत्यु भएको हो।

शाहको गोली लागेर र राउतको भागदौडका क्रममा घाइते भएर मृत्यु भएको प्रहरीले जनाएको छ। झडपमा केही प्रहरी पनि घाइते भएका छन्। घटनाको सर्वत्र निन्दा भएको छ। विरोध जनाउने क्रममा युवाहरूले भौतिक योजनामन्त्री प्रकाश ज्वाला चढेको बा.२भ ५८६१ नम्बरको गाडी रोकी आगो लगाइदिएका छन्। आक्रमण हुने देखेपछि मन्त्री ज्वाला र उनका पिएसओ तथा चालक भने गाडीबाट निस्किएका थिए। गाडीमा आगो दन्किएपछि मात्र प्रहरी त्यहाँ पुगेको थियो। त्यसपछि आक्रामक बनेको प्रहरीले अन्धाधुन्ध बल प्रयोग गरेको थियो।

■ के हो कोरियन भाषा परीक्षा विवाद ?

■ कहाँ चुक्यो इपिएस कार्यालय र प्रहरी ?

श्रम मन्त्रालयको इपिएस शाखाले कोरियन भाषा परीक्षामा पास भएकाको गत २४ मंसिरदेखि 'सिप' परीक्षा लिएको थियो। जसअन्तर्गत सुरुमा पानीजहाज निर्माण

» पृष्ठ २ मा क्रमशः



बालकुमारीमा जलाइएको भौतिक योजनामन्त्री प्रकाश ज्वालाको गाडी। तस्बिर : **अमुल थापा**

अदालतको आदेशपछि माग सम्बोधन, १८ गतेभित्र आवेदन माग

उच्च अदालत पाटनले निर्माण क्षेत्रमा फेल भएका युवालाई पनि उत्पादन क्षेत्रको परीक्षामा सहभागी गराउन आदेश दिएलगत्तै शुक्रबार इपिएस शाखाले उनीहरूसँग आवेदन माग गरेको छ। शाखाले सूचना जारी गरी १६ देखि १८ पुसभित्र आवेदन दिन सूचना प्रकाशन गरेको हो। यसअघि 'सिप बिल्डिङ' क्षेत्रमा आवेदन दिएकाले मात्र यसमा आवेदन दिन पाउने र अन्यले आवेदन दिएमा स्वतः रद्द हुने सूचनामा उल्लेख छ। यस विषयमा कोरिया सरकारबाट पनि सकारात्मक प्रतिक्रिया प्राप्त भएकाले उनीहरूलाई पनि निर्माण क्षेत्रका परीक्षामा समावेश गरिने निर्णय गरिएको शाखाले जनाएको छ। यसअघि एक वर्षभित्र एउटा परीक्षार्थीले एउटा क्षेत्रमा भन्दा बढी परीक्षा दिन नपाउने नीति लागू गरेपछि विवाद भएको थियो।

बिरामी वृद्ध बुबाआमाका सहारा थिए वीरेन्द्र



वीरेन्द्र शाह



सुजन राउत

प्रहरीको गोलीबाट ज्यान गुमाएका अछामका २३ वर्षीय वीरेन्द्र शाहका बुबा प्यारालाइसिसबाट पीडित छन्, छोराको मृत्युको खबर सुनेपछि आमा बेहोस छिन्

विधवा आमाको सहारा ढल्यो

बहिनीले 'बा'को झल्को मेटाउने दाइ गुमाइन्, भाइले भरोसा

दैलेखमा **विष्णु शर्मा**

दैलेखको महाबु गाउँपालिका घर भई नयाँ बजारमा व्यवसाय गर्दै आएको भक्तबहादुर राउतको परिवार दुई वर्षअघिसम्म सामान्य दिनचर्यामा थियो। व्यवसाय राम्रै चलेको थियो, परिवारमा खुसी थियो। एकाएक भक्तबहादुर क्यान्सरले थलिए। सास हुन्जेल आस हुन्छ भनेझैं परिवारका सदस्यले हरसम्भव प्रयास गरे। तर, गत वर्षको १२ मंसिरमा भक्तबहादुरले धर्ती छाडे। न धन रह्यो, न जन। बाबु बितेपछि विधवा आमा, बहिनी र भाइको जिम्मेवारी जेठा छोरा सुजनको काँधमा आइपुग्यो।

लाखौं ऋणको भारीले थिचिएका सुजन अन्ततः घर छाडेर परदेश हानिने निर्णयमा पुगे र दक्षिण कोरिया भाषा परीक्षाको तयारीमा जुटे। स्वदेशमा बगाउने पसिनाले लाखौं ऋण चुक्ता गर्न र लथालिंग बनेको परिवार सम्हाल्न नसक्ने भएपछि उनले कोरिया सपना सजाएका थिए। त्यसका लागि काठमाडौं हान्निए र कोरिया भाषा परीक्षाको तयारीमा जुटे। प्रारम्भिक परीक्षामा उत्तीर्ण भए, तर त्यसपछिको परीक्षामा सफलता मिलेन।

पानीजहाज निर्माण गर्ने कम्पनीमा काम गर्नका लागि दिएको परीक्षामा असफल भएकाहरू कृषितर्फको रोजगारीमा जाने अवसरका लागि आवेदन दिन चाहन्थे। तर, सरकारले त्यस्तो व्यवस्था गरिदिएन। देशका कुनाकुनाबाट काठमाडौं आएर तयारीमा जुटेका सयौं युवाको सपना टुट्दै गएको थियो। आक्रोशित युवाहरू शुक्रबार बालकुमारीनजिकै रहेको इपिएस शाखा कार्यालयनजिक जम्मा भए। त्यही भिडमा पुगेका थिए २३ वर्षीय सुजन। आक्रोशित भिड अनियन्त्रित हुँदै गयो। तोडफोड र आगजनीमा उत्रियो।

» पृष्ठ २ मा क्रमशः

बलात्कार मुद्दामा सन्दीप दोषी

सातदेखि १० वर्षसम्म जेल सजाय हुन सक्ने, घटना हुँदा पीडित बालिग रहेको ठहर

नाजुक आर्थिक अवस्थाको फाइदा उठाएर करणी गरेको जिल्ला अदालत काठमाडौं निष्कर्ष



जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले गरेको फैसलामा भनिएको छ- गौशाला २६ को नाजुक आर्थिक अवस्थासमेतको फाइदा उठाई करणी भएको देखिँदा सहमतिको करणी भन्ने नदेखिएकाले प्रतिवादी सन्दीप लामिछानेले मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (१), (२) र (३)(ङ) बमोजिम कसुर गरेको ठहर्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

क्रिकेटर सन्दीप लामिछाने जबर्जस्ती करणी (बलात्कार) कसुरमा दोषी ठहर भएका छन्। १६ महिनाअघि आफ्नी 'फ्यान'लाई प्रभावमा पारेर बलात्कार गरेको जाहेरीमा जिल्ला अदालत काठमाडौंका न्यायाधीश शिशिरराज ढकालको इजलासले शुक्रबार उनलाई कसुरदार ठहर गरेको हो।

पीडितको बकपत्र तथा कसुर भएका दिनको क्रियाकलापको घटनाक्रमका आधारमा पीडितलाई प्रभावमा पारेर लामिछानेले बलात्कार गरेको फैसला अदालतले गरेको हो। उनलाई न्यूनतम सात वर्ष र बढीमा १० वर्ष कैद सजाय हुनेछ। सजाय निर्धारण भने २५ पुसमा हुने भएको छ।

पीडितको आर्थिक अवस्थाको समेत फाइदा उठाएर बलात्कार गरेको संक्षिप्त फैसलामा उल्लेख छ। 'गौशाला २६ को नाजुक आर्थिक अवस्थासमेतको फाइदा उठाई करणी भएको देखिँदा सहमतिको करणी भन्ने नदेखिएकाले प्रतिवादी सन्दीप लामिछानेले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१), (२) र (३) (ङ) बमोजिम कसुर गरेको ठहर्छ,' न्यायाधीश ढकालको फैसलामा भनिएको छ।

मुलुकी अपराध संहिता दफा २१९ (१) मा जबर्जस्ती करणी गर्न नहुने र (२) मा १८ वर्षमाथिको महिलासँग मञ्जुरी नलिई करणी गरेमा जबर्जस्ती करणी मानिने उल्लेख छ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



■ बाहिरै बसेर पुनरावेदनको सम्भावना

लामिछाने जबर्जस्ती करणी मुद्दामा दोषी ठहर भए पनि उनले बाहिरै बसेर पुनरावेदन गर्न पाउने सम्भावना पनि छ। कानुनअनुसार १० वर्षमुनिको सजायमा प्रतिवादीले अदालतको अनुमतिमा धरौटीमा रहने गरी मुद्दामा पुनरावेदन गर्न पाउँछ। महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ अनुसार १० वर्षभन्दा कम सजायको हकमा थुनामा नबसी पुनरावेदनमा जाने विकल्प रहेको बताए। 'कति वर्ष कैद हुन्छ त्यसमा भर पर्छ। यसमा सजाय निर्धारण हुन बाँकी नै छ,' उनले भने, 'यद्यपि, १० वर्षभन्दा कम कैद छ भने अदालतले धरौटी स्वीकार गरेमा धरौटी राखेर पुनरावेदन गर्न पाइन्छ।' यो मुद्दामा ऐनअनुसार सातदेखि १० वर्षको बीचमा सजाय भएमा बाहिरै बसेर पुनरावेदनमा जान माथिल्लो अदालतले धरौटी राखेर पुनरावेदन गर्न अनुमति दिनुपर्ने रेग्मीको भनाइ छ। 'सजाय निर्धारण भई फैसलाको पूर्णपाठ आएपछि प्रतिवादी हदम्यादभित्र उच्च अदालतमा पुनरावेदनमा जान सक्छ,' उनले भने।



सञ्जीवराज रेग्मी

१४ किलो सुन तस्करी गर्ने समूहको चिनियाँ गिरोहसँग सम्बन्ध


नयाँ पत्रिका

विमानस्थलका कर्मचारीसँग सेटिङ मिलाएर सुन तस्करी गर्ने पछिल्लो समूहको यसअघि पक्राउ परेको चिनियाँ गिरोहसँग पनि सम्बन्ध रहेको भेटिएको छ। गत २१ मंसिरमा बरामद भएको १४ किलो सुन तस्करी गर्ने समूहका व्यक्तिहरूको वर्षौंदेखि तस्करी गर्दै आएकोलगायतका अन्य समूहसँग सम्पर्क देखिएको हो।

दुबईबाट १४ किलो सुन लिएर आएका चन्द्र घलेमाथि अनुसन्धान गर्ने क्रममा सो समूहको विगतदेखि नै विमानस्थलबाट सुन तस्करी गर्ने अन्य समूहसँग सम्पर्क देखिएको विमानस्थल भन्सार कार्यालयले जनाएको छ।

सो प्रकरणमा १० जनालाई पक्राउ गरी अनुसन्धान गर्दा माथिल्लो तहमा डिबी गुरुङ र जोन भन्ने जीवन गुरुङको संलग्नता खुलेको हो। फरार रहेका उनीहरू दुवैजनाको यसअघि सवारीसाधनका पार्टपुर्जामा लुकाएर हङकङबाट सुन तस्करी गर्ने गिरोहसँग पनि सम्पर्क पुष्टि भएको थियो। दावा छरिङलगायतको सो गिरोहसँग उनीहरूको सम्पर्क देखिएपछि पर्याप्त प्रमाण नपुगेको भन्दै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले कागज गरेर छाडेको

» पृष्ठ २ मा क्रमशः



जीवन गुरुङ (जोन)

१४ किलो सुन तस्करीका नाइके दनबहादुर (डिबी) गुरुङको काठमाडौंको बानियाँटार सूर्यदर्शन हाइटमा रहेको घरबाटै तस्करीको सुन स्टोर हुने गर्थ्यो। त्यो सुन जीवन गुरुङले विभिन्न व्यापारीलाई बिक्री गर्थे। गिरोहका नाइके दुवै फरार हुँदा तस्करीको अनुसन्धान नै अपूरो हुने भएको छ। ब्रेकसुमार्फत सुन तस्करी गर्ने चिनियाँ गिरोहका दायोजिन वाङलाई जीवनले गाडी बिक्री गरेका थिए। साथै सो तस्करीमा पक्राउ अनुसन्धानको दायरामा तानिएका अन्य धेरै व्यक्तिहरूसँग उनको नियमित सम्पर्क थियो। दोस्रो चरणको अनुसन्धानमा उनी सिआइबीको निगरानीमै रहेका वेला विमानस्थलबाट अर्को समूह खडा गरी सुन तस्करी गर्दै आएको पुष्टि भएको हो।

झन् नयाँ

कहिले खट्टा, कहिले मीठा



राजेन्द्र महतो-उपेन्द्र यादव

मधेश राजनीतिमा यादव र महतोबीच सहकार्य र प्रतिस्पर्धा दुवै भए। तर, जसपाबाट अलग्गिएर लोसपा बनेपछि दुवैबीच सम्बन्ध 'हार्दिक' छैन। करिब दुई वर्षसम्म त उनीहरूबीच बोलचालसम्म भएन।



● विदुषी राणा, उद्यमी

संघर्ष गर्दागर्दै विवाह छुट्यो



● दीपाश्री निरौला

कहिलेकाहीं सोच्छु- मेरो पनि बिहे भएको भए मैले जन्माउने बच्चा पनि मजस्तै हुन्थे होलान्। मसँग भएको गुण बच्चामा पनि सर्थ्यो होला। छोराछोरीले मेरो 'लिगेसी' पछ्याउँथे होलान्। तर, सबैको भाग्यमा सबै कुरा मिलेको कहाँ पाइन्छ र!

सभामुखसँगको टकरावमा मेरो गल्ती छैन



तत्कालीन सभामुख सापकोटासँग अध्यक्ष तिमिल्सिनाको टकरावले संसद् सञ्चालनमा नै असर परेको थियो। सापकोटाले अध्यक्ष तिमिल्सिनाले असहयोग गरेको आरोप लगाएका थिए।

■ मुख्यमन्त्रीहरूको हेटौंडा भेलाको निष्कर्ष

संघले संविधान कार्यान्वयन नगरे संघर्ष

मकवानपुरमा **पोष्टराज अधिकारी**

संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण र अधिकार प्रत्यायोजनमा पटकपटक संघ सरकारलाई झकझक्याइरहेका मुख्यमन्त्रीहरूले अब पनि सरोकार सम्बोधन नभए संघर्ष गर्ने चेतावनी दिएका छन्। शुक्रबार हेटौंडामा भएको अन्तरप्रदेश समन्वय बैठकमा सहभागी सातै प्रदेशका मुख्यमन्त्रीले यस्तो चेतावनी दिएका हुन्।

भेलालगत्तै संघ सरकारलाई पुनः झकझक्याउन हेटौंडा भेलाबाट पारित नौबुँदे ध्यानाकर्षणपत्र बोकेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न ६ प्रदेशका मुख्यमन्त्री शुक्रबार काठमाडौं प्रस्थान गरेका छन्। बैठकमा सहभागी सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह भने हेटौंडाबाट धनगढी फर्किएका छन्।

६ वटा प्रदेशका मुख्यमन्त्रीले शनिबार प्रधानमन्त्री प्रचण्डलाई भेट्ने

कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका मुख्यमन्त्रीले शनिबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेट गरी आफ्ना सरोकार राख्ने भएका छन्। भेटमा उनीहरूले प्रदेश र स्थानीय सरकारका लागि आवश्यक कानुन तत्काल निर्माण गर्नदेखि संघीयताको सवालमा संविधान निर्माणमा संलग्न प्रमुख दलहरूबीच साझा धारणाको पनि माग गरेका छन्।

हेटौंडा भेलाले पुनः एकपटक प्रहरी समायोजन, संघीय निजामती सेवा ऐन जारी, साझा अधिकारका विषयका कानुन निर्माणमा सहकार्य, राष्ट्रिय वनलगायतका प्राकृतिक स्रोतको उपयोग एवं राजस्व बाँडफाँट, वित्तीय हस्तान्तरण, सवारीचालक अनुमतिपत्र र सवारीसाधन कर/शुल्कसम्बन्धी सफ्टवेयर प्रणाली प्रदेशबाट नै सञ्चालन गर्ने व्यवस्था गर्नुपर्नेमा ध्यानाकर्षण गराएको छ।

» पृष्ठ २ मा क्रमशः



हेटौंडा भेलाले प्रहरी समायोजन, संघीय निजामती सेवा ऐन जारी, साझा अधिकारका विषयका कानुन निर्माणमा सहकार्य, राष्ट्रिय वनलगायतका प्राकृतिक स्रोतको उपयोग एवं राजस्व बाँडफाँट, वित्तीय हस्तान्तरण, सवारीचालक अनुमतिपत्र र सवारीसाधन कर/शुल्कसम्बन्धी सफ्टवेयर प्रणाली प्रदेशबाट नै सञ्चालन गर्ने व्यवस्थाका लागि पुनः संघ सरकारको ध्यानाकर्षण गराएको छ



● **केदार कार्की**
(कोशी प्रदेश)

संघीयता कार्यान्वयनमा अझै संघीय सरकार र प्रतिनिधिसभा संसद्मा केन्द्रीकृत मानसिकता हाबी छ। उनीहरू प्रदेशलाई अधिकार दिँदा आफू कमजोर हुन्छौं भन्ने सोचाइ राख्छन्। जुन संघीयताविरोधी कुरा हो।



● **सरोजकुमार यादव**
(मधेश प्रदेश)

संघीय सरकारमा रहेका व्यक्तिहरूमा सामन्ती निरंकुश विचार कायमै रहेको छ। हेटौंडाको भेलापछि संघीयतालै सरकारको निरंकुश सामन्ती शासन व्यवस्थाको अन्त्य गर्नेछ।



● **शालिकराम जम्कट्टेल**
(बागमती प्रदेश)

पोखरामा भएको अन्तरप्रदेश समन्वय परिषद् र राष्ट्रिय समन्वय परिषद्को बैठकको ६बुँदे निर्णय तथा हेटौंडा बैठकले गरेको नौबुँदे निर्णय तत्काल कार्यान्वयन गर्नुपर्छ।

कोरियाको...

पृष्ठ १ बाट क्रमशः

परीक्षामा फेल भएका युवा आफूहरूले पनि आवेदन दिन पाउनुपर्ने मागसहित इपिएस कार्यालय धाइरहेका थिए।

त्यही क्रममा उनीहरू शुक्रबार पनि दबाब दिन बालकुमारीस्थित इपिएस कार्यालय पुगेका थिए। तर, त्यहाँ उनीहरूलाई प्रवेश नै दिइएन, प्रहरीले तितरबितर बनाउन खोज्यो। त्यसपछि थप आक्रोशित भएका उनीहरू संगठित रूपमै प्रदर्शनमा उत्रिएका थिए। इपिएस शाखाले व्यवस्थित ढंगले बुझाउने तथा समाधान गर्ने प्रयास नगर्दा भिड अराजकतामा उत्रिएको प्रहरी अधिकारीको दाबी छ।

इपिएस शाखाका प्रमुख गुरुदत्त सुवेदीले भने एक वर्षमा एक क्षेत्र (निर्माण वा उत्पादन)को परीक्षा दिइसकेको व्यक्तिले अर्को क्षेत्रको परीक्षा दिन नपाइने कोरिया सरकारकै नीति रहेको बताए। त्यसको जानकारी युवाहरूलाई गराइएको उनको दाबी छ।

निर्माण क्षेत्रको परीक्षामा फेल भएका सुरज पाठकसहितका १८ युवाले उत्पादन क्षेत्रमा पनि आवेदन दिन पाउनुपर्ने माग गर्दै पाटन उच्च अदालतमा रिट दायर गरेका थिए। उच्चले गत ५ पुसमा उनीहरूको पक्षमा आदेश दियो। इपिएस शाखाका प्रमुख सुवेदी अदालतको आदेशबमोजिम १८ युवालाई कार्यालय बोलाइएको बताउँछन्। बाँकी युवाको माग पनि त्यो आदेश आफूहरूको हकमा पनि लागू हुने भन्ने थियो, तर इपिएस कार्यालय त्यसमा तयार थिएन।

ललितपुर प्रहरीले भने सुरुमा लाठीचार्ज गरेको, त्यसपछि अश्रुग्यास तथा रबर बुलेट प्रहार गर्दा पनि अवस्था नियन्त्रणमा नआएपछि गोली चलाउनुपरेको बताएको छ। थप क्षति हुन नदिन गोली चलाउनैपर्ने अवस्था आएको ललितपुर प्रहरीका प्रवक्ता एसपी नवराज कार्कीले बताए। 'सुरुमा त माइकिङबाटै सम्झाउने प्रयास गरेका हौँ,' उनले भने, 'त्यसपछि अश्रुग्यास प्रहार गऱ्यौँ, रबर बुलेट प्रहार गर्यौँ, हवाईफायर गर्दा पनि स्थिति नियन्त्रणमा नआएपछि गोली चलाउनुपरेको हो।' युवाहरूको विरोध प्रदर्शन र झडपका कारण दिनभर बालकुमारी क्षेत्र तनावग्रस्त बनेको थियो। करिब साँझ ५ बजे मात्र स्थिति शान्त भयो।

यसैबीच घटनाको छानबिन गर्न गृह मन्त्रालयले उपत्यका प्रहरी कार्यालयका नायब महानिरीक्षक (डिआइजी) लालमणि आचार्यको नेतृत्वमा छानबिन समिति गठन गरेको छ। जसमा ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवार र राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक वासु सिग्देल सदस्य छन्।

कहाँ चुक्यो प्रहरी ?

कसैले नेतृत्व नगरेको आन्दोलन जुनसुकै वेला हिंसात्मक हुन सक्छ भन्ने कुरा गत वर्ष काठमाडौंको गोंगबु क्षेत्रको घटनाले देखाइसकेको छ। तर, प्रहरीले त्यसबाट पाठ सिकेको देखिएन। सोही कारण शुक्रबार बालकुमारीमा ठूलो क्षति हुन पुग्यो। कोरिया जाने परीक्षाको आवेदन दिन नपाएपछि युवाहरू इपिएस शाखालाई दबाब दिन भेला भएका थिए। तर, कर्मचारीले उनीहरूलाई राम्रो व्यवहार नगरेपछि उनीहरू भड्किए, जसको आकलनमा प्रहरी चुक्यो। जब कि उनीहरूले केही दिनयता त्यहाँ आन्दोलन गर्दै आएको विषयमा प्रहरी जानकार थियो।

नेतृत्वविहीन भिड अप्रत्याशित हुने कुरामा प्रहरी सचेत हुनुपर्नेमा शुक्रबार बालकुमारीमा त्यो नदेखिएको अवकाशप्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्रसिंह भण्डारी बताउँछन्। 'यस्ता भिड जतिसुकै वेला अराजक हुन सक्छन् भनेर सुरक्षा निकायले जोखिम मूल्यांकन गरेको देखिएन,' उनले भने, 'अर्कोतर्फ प्रहरीले खस्किएको मनोबलका कारण पनि क्षति धेरै भएको हुन सक्छ।'

प्रहरीले अवस्थाको पूर्वानुमान गर्न नसक्दा संयमता गुमाउन पुगेको थियो। फिल्डमा खटिएका एक प्रहरी अधिकारीका अनुसार मन्त्रीको गाडी जलाएपछि उनीहरूबाट अन्य व्यक्तिमाथि आक्रमणसमेत हुन सक्ने देखिएपछि हतारमा गोली चलाइएको हो। प्रहरीले राम्रोसँग भिड नियन्त्रण गर्न सक्ने अवस्था रहेको प्रहरी अधिकारी नै बताउँछन्।

प्रहरी अर्कोतर्फ चुकेको भनेको आन्दोलन भएको क्षेत्रमा मन्त्रीलाई जान दिएर हो। यातायातमन्त्री ज्वाला पार्टीको बैठकमा सहभागी हुँदा त्यहाँ पुगेका थिए। त्यहाँ आन्दोलन भइरहेको उनले जानकारी पाएनन्। जब कि मन्त्रीको पिएसओको जिम्मेवारी नै प्रहरीसँग समन्वय गरी सुरक्षा गर्ने हो। प्रहरीले भने मन्त्रीका पिएसओले त्यसबारे जानकारी नगराएको बताएको छ। ललितपुरका एसपी नवराज कार्कीले भिड आक्रोशित भएको र अन्य व्यक्तिमाथि समेत जोखिम बढेपछि गोली चलाउनुपरेको बताए। यो घटनामा राज्यबाट पीडित भएको युवा र प्रहरीबीचको भिडन्त भएको उनको भनाइ छ।

के हो कोरिया जाने परीक्षा विवाद ?

श्रम मन्त्रालयअन्तर्गतको इपिएस शाखाले गत २० साउनदेखि कोरियाको पानीजहाज निर्माण क्षेत्रमा काम गर्न जान चाहने श्रमिकका लागि भाषा परीक्षाको आवेदन खुलाएको थियो। अनलाइन तथा अफलाइन माध्यमबाट ३३ हजार दुई सय एक पुरुष र दुई हजार दुई सय ७७ महिला गरी ३५ हजार चार सय ७८ जनाले आवेदन दिए।

एचआरडी सर्भिस अफ कोरियाले गत असोजदेखि मंसिरसम्म लिएको पहिलो चरणको भाषा परीक्षामा ३२ हजार पाँच सय सात परीक्षार्थी सहभागी भए। उत्तीर्ण भने १२.६ प्रतिशत अर्थात् चार हजार ९८ मात्रै भए। जसमा तीन हजार नौ सय एक पुरुष र एक सय ९७ महिला थिए। पहिलो चरणमा उत्तीर्ण युवाको गत २४ मंसिरदेखि सीप परीक्षा लिइयो। दोस्रो चरणको परीक्षाबाट तीन हजार नौ ८९ परीक्षार्थी मात्रै उत्तीर्ण भए। उनीहरूलाई इपिएस शाखाले रोस्टरमा नाम राखेको छ।

जहाज निर्माण क्षेत्रमा जाने श्रमिकको परीक्षा समाप्त भएपछि इपिएस शाखाले गत २ पुसदेखि कोरियाको उत्पादन क्षेत्रको कामका लागि आवेदन खुलायो। तर, पानीजहाज निर्माण क्षेत्रमा परीक्षा दिएर अनुत्तीर्ण भएका युवाले भने आवेदन दिन नपाइने सूचना जारी गऱ्यो। इपिएसको यो सूचनाको विरोध गर्दै पानीजहाज निर्माण क्षेत्रमा जानका लागि लिइएको परीक्षामा अनुत्तीर्ण भएका युवा उच्च अदालत पाटन पुगे।

सुरज पाठकसहित १८ जनाले उत्पादन क्षेत्रमा पनि आवेदन दिन पाउने माग गर्दै रिट दिएका थिए। उच्च अदालतले गत ५ पुसमा उनीहरूलाई पनि उत्पादन क्षेत्रको परीक्षामा सहभागी हुनका लागि फाराम भर्न दिन आदेश दियो। इपिएस शाखाका प्रमुख गुरुदत्त सुवेदी अदालतको आदेशबमोजिम १८ युवालाई कार्यालय बोलाइएको बताउँछन्।

तर, पानीजहाज निर्माण क्षेत्रमा जानका लागि लिइएको परीक्षामा अनुत्तीर्ण भएका बाँकी युवा आफूहरूले पनि आवेदन भर्न पाउनुपर्ने माग गरिरहेका थिए। अदालतको आदेश सबैका हकमा लाग्ने उनीहरूको भनाइ थियो। यही माग राखेर उनीहरू आन्दोलनमा उत्रिएका थिए। र, बालकुमारीमा गरिरहेको प्रदर्शनका क्रममा भएको झडपमा दुई युवाको ज्यान गयो।

कानुन व्यवसायी दिनेश त्रिपाठीले पनि इपिएस कार्यालयले पाटन उच्च अदालतको आदेशको गलत व्याख्या गरेको बताए। उनका अनुसार अदालतले १८ जनालाई आधार मात्रै मानेको हो। अर्थात् अदालतले पानीजहाज निर्माण क्षेत्रमा जानका लागि परीक्षा दिएर अनुत्तीर्ण भएकालाई पनि उत्पादन क्षेत्रमा जानका लागि खुलाइएको भाषा परीक्षामा सहभागी हुनका लागि फाराम भर्ने देऊ भनेको हो। तर, फैसलाको गलत व्याख्या गरी १८ जना उजुरीकर्तालाई मात्रै फाराम भर्न दिएको उनले बताए।

कोरिया रोजगारीमा जाने नेपालीले अनिवार्य रूपमा भाषा परीक्षा उत्तीर्ण गर्नुपर्ने हुन्छ। तर, एकै वर्षमा दुईपटकसम्म परीक्षामा सहभागी हुन नपाइने कोरिया सरकारको व्यवस्था रहेको इपिएस शाखाका प्रमुख सुवेदीले बताए।

इपिएस प्रणालीमार्फत कोरिया जान चाहने नेपाली श्रमिकका लागि भाषा परीक्षा अनिवार्य सर्त हो। यो परीक्षा उत्तीर्ण गरेको नेपाली युवाको नाम रोस्टरमा राखिन्छ। कोरियन रोजगारदाताले रोस्टरमा राखेको नामबाट आफूलाई मन पर्ने श्रमिक छनोट गर्छ। छनोट भएका श्रमिकसँग उसले श्रम सम्झौता गर्छ, त्यसपछि भिसा पठाउँछ। श्रमिक आफैं पनि श्रम स्वीकृति लिएर कोरिया जान सक्छन्। कोरिया जाने श्रमिकको एक कार्यकालको अवधि चार वर्ष १० महिना हुन्छ।

कोरिया जाने श्रमिकको रोस्टरमा हाल नौ हजार नेपाली युवा सूचीकृत छन्। जसमध्ये ६ हजार उत्पादनमा क्षेत्रका छन् भने तीन हजार कृषि क्षेत्रका छन्। सूचीकृतमध्ये तीन हजार पुराना श्रमिक छन्। पुराना श्रमिमध्ये दुई हजार पाँच सय उत्पादन क्षेत्रका र पाँच सय कृषि क्षेत्रका छन्।

संघले संविधान...

पृष्ठ १ बाट क्रमशः

यस्तै, भेलाले १६ असारमा गण्डकी प्रदेशको पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकले गरेका ६बुँदे निर्णय र संघीयताका सवालमा संविधानले दिएको अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न निरन्तर दबाब दिने निर्णय पनि गरेको छ। तहगत अधिकारको कार्य विस्तृतीकरण परिमार्जन गर्ने, तीनै तहबाट प्रदान गरिने अनुदानको दोहोरोपना हटाउने, एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग-अलग संरचना हटाउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने एवं तादात्म्यता कायम गर्नेलगायतका निष्कर्ष भेलाले निकालेको छ।

मुख्यमन्त्रीहरूको भेलाले स्थानीय तहमा पदस्थापना र सरुवा नियमानुसार प्रदेशबाट गर्ने व्यवस्था गर्ने, प्रमुख जिल्ला अधिकारी र प्रदेश सुरक्षा निकायका प्रमुखहरूको कार्यसम्पादन मूल्यांकन र सुपरिवेक्षण प्रमुख सचिवबाट समेत हुने व्यवस्था मिलाउनुपर्ने माग अघि सारेका छन्।

तीनै तहका सरकारको कार्यजिम्मेवारी र अधिकार क्षेत्रमा स्पष्टता ल्याउन कार्यविस्तृतीकरणमा गर्नुपर्ने परिमार्जनका लागि सातै प्रदेशका मुख्य न्यायाधिवक्ता रहेको कार्यदल गठन गर्ने र प्रदेशका साझा सवालमा एकरूपता कायम गरी समन्वय, सहजीकरण र सहकार्यका लागि अन्तरप्रदेश मुख्यमन्त्री संयन्त्र निर्माण गर्ने र उक्त संयन्त्रको बैठक सामान्यतया प्रत्येक तीन महिनामा एकपटक बस्ने निर्णय पनि गरिएको छ। हेटौंडा भेलाबाट तयार गरेको नौबुँदे साझापत्र र यसअघि १६ असारमा गण्डकी प्रदेशको पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकले गरेको ६बुँदे निर्णय तत्काल कार्यान्वयन गर्नुपर्ने मुख्यमन्त्रीहरूले माग गरेका छन्। विगतमा झैँ संघीयता कार्यान्वयनको विषयलाई अल्झाइराखे प्रदेश सरकारहरू संघर्षमा उत्रिन बाध्य हुने भेलाको निष्कर्ष छ।

बलात्कार...

पृष्ठ १ बाट क्रमशः

२ (क) मा करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी नमानिने भनिएको छ। जिल्ला अदालतको ठहर आदेशमा लामिछानेले पीडितलाई प्रभावमा पारेकाले २ (क)मा टेकेर सहमतिको करणी नमानी जबर्जस्ती करणी भनेको हो।

साथै, अदालतले पीडित गौशाला २६ लाई बालिग प्रमाणित गरेको छ। यसमा साबिकको रामुका गाविस नुवाकोटको बसाइँसराइ दर्ता रजिस्ट्र, शंखरापुर नगरपालिका काठमाडौंको बसाइँसराइ दर्ता किताब, नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जको डेलिभरी रजिस्ट्र, गौशाला २६ को बकपत्र, तादी गाउँपालिका- २ वडा कार्यालय नुवाकोटको ५ भदौ ०८० तथा २९ कात्तिक ०७९ को पत्र र संलग्न प्रमाणलाई आधार मानेको छ। 'यी प्रमाणसमेतबाट गौशाला २६ को जन्ममिति ०६१ असार १८ मा भएको देखिई वारदात हुँदाका दिनमा निजको उमेर १८ वर्ष पुगिसकेको देखियो,' ठहर आदेशमा भनिएको छ।

घटना विवरणबाट लामिछानेले ५ भदौ ०७९ मा गौशाला २६ लाई बलात्कार गरेको अदालतको ठहर छ। पीडितको जन्ममिति १८ असार ०६१ अनुसार उनी १८ असार ०७९ मा १८ वर्ष पुगेकी थिइन्। घटना हुँदा १८ वर्ष डेढ महिना उमेर भई बालिग भइसकेकी थिइन्। जिल्ला अदालतले लामिछानेलाई कसुरदार ठहर गर्दा उल्लेख गरेको मुलुकी अपराध संहिता दफा २१९ (३) (ङ) मा बालिग महिलासँग जबर्जस्ती करणी गर्दा हुने सजायसम्बन्धी व्यवस्था छ। यसमा '१८ वर्ष वा १८ वर्षभन्दा बढी उमेरकी महिला भए जबर्जस्ती करणी गर्ने व्यक्तिलाई सातदेखि १० वर्षसम्म कैद हुने' भनिएको छ।

पीडित घटना हुँदा १८ वर्ष पूरा गरेकाले वादीको माग दाबीलाई जिल्ला अदालतले अस्वीकार गरेको छ। वादी पक्षले पीडित नाबालिग रहेको दाबी गर्दै २१९ (३) (घ) बमोजिम १० देखि १२ वर्षसम्मको सजाय माग गरेको थियो। 'गौशाला २६ को उमेर वारदात हुँदाका दिन १८ वर्ष पुगिसकेकाले २१९ (३) (घ) बमोजिम कसुर कायम गरी सजाय गरिपाऊँ भन्ने माग दाबी सो हदसम्म मिल्न सक्दैन,' आदेशमा भनिएको छ।

अदालतले लामिछानेलाई सजाय तोकिसकेको छैन। मुलुकी अपराध संहिताले सातदेखि १० वर्षसम्म उल्लेख गरे पनि न्यायाधीश ढकालको इजलासले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको दफा ९ बमोजिम सजाय निर्धारण गर्न २५ पुसमा पेसी तोक्न आदेश गरेको छ। यो ऐनअनुसार प्रचलित कानुनमा नै कैद वा जरिवानाको निश्चित अंक किटान नगरिएको कसुरमा अदालतबाट दोषी ठहर भइसकेपछि मात्र सजाय निर्धारण गर्नुपर्ने हुन्छ। सजाय निर्धारण गर्दा कसुरदार ठहरिएको ३० दिनभित्र निर्धारण गरिसक्नुपर्ने ऐनको व्यवस्था छ। लामिछानेको कसूरमा सातदेखि १० वर्षसम्म कैद उल्लेख भएकाले सजाय निर्धारणका लागि छुट्टै पेसी तोकिएको हो।

'फौजदारी कसुर तथा सजाय निर्धारण ऐन, २०७४ को दफा ९ बमोजिम सजाय निर्धारण सुनुवाइका लागि २५ पुसमा पेसी तोक्नू,' आदेशमा भनिएको छ, 'सो मितिअगावै वादी, प्रतिवादी तथा जाहेरवाला पक्षका कानुन व्यवसायबाट सजायपूर्वको प्रतिवेदन तथा पीडितलाई भराउनुपर्ने क्षतिपूर्ति रकम र सोको आधारसमेत पेस गर्न लगाउनू।'

विधवा...

पृष्ठ १ बाट क्रमशः

स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले मनलाग्दी लाठीचार्ज गऱ्यो। सुजन त्यसको चपेटमा परे। प्रहरीले प्रहार गरेको लाठी छातीमा लागेपछि सुजन सडकमै ढले। अचेत अवस्थामै उनलाई अन्य युवाले एम्बुलेन्स बोलाएर किस्ट मेडिकल कलेज पुऱ्याए। तर, सुजनको प्राण उडिसकेको थियो, चिकित्सकले मृत घोषणा गरे।

१४ किलो सुन...

पृष्ठ १ बाट क्रमशः

थियो। पछिल्लो घटनामा भने प्रस्ट प्रमाण भएपछि उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। सुन बरामद भएदेखि नै दुवैजना फरार छन्। सो गिरोहले वर्षौँदेखि सुन तस्करी गरेको अनुसन्धानमा खुले पनि विस्तृत अनुसन्धान हुन नसक्दा यसमा संलग्न थप उच्च तहका व्यक्तिहरूको पहिचान खुल्न सकेको छैन।

१४ केजी सुन तस्करीमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयले अनुसन्धान पूरा गरी मुद्दा चलाउने तयारी गरिसकेको छ। संगठित अपराधको कसुरमा प्रहरीबाट विस्तृत अनुसन्धान हुन नसक्दा यसमा मुख्य व्यक्तिहरूले उन्मुक्ति पाउने सम्भावना छ।

पछिल्लो गिरोहका नाइके दनबहादुर (डिबी) गुरुङको काठमाडौंको बानियाँटार सूर्यदर्शन हाइटमा रहेको घरमै तस्करीको सुन स्टोर हुने गर्दथ्यो। त्यो सुन जीवन गुरुङले विभिन्न व्यापारीलाई बिक्री गर्थे। दुवैजना फरार हुँदा तस्करीको अनुसन्धान नै अपूरो हुने भएको छ। डिल्लीबजारमा प्लाटिनम कलेजसमेत चलाउने जीवनको रेस्टुरेन्टलगायत व्यवसायमा लगानी छ। उनी दुबईबाट सुन पठाउने अंकित अग्रवाल भनिएका व्यक्तिको निर्देशनमा सुनको कारोबार गर्ने व्यक्ति भएको भन्सार स्रोत बताउँछ। फरार रहँदा उनले तस्करीको सुन कसलाई दिन्थे र क-कसको लगानी छ भन्ने खुल्न सकेको छैन।

राजनीतिक रूपमा जोन पहुँचवाला रहेको पाइएको छ। 'माओवादी र एमालेका उच्च नेतासँग उनी नियमित सम्पर्कमा देखिन्छन्,' भन्सार स्रोत भन्छ, 'आफूलाई मुद्दा नचलाउन फरार अवस्थामै उनले सरकारी वकिल कार्यालयबाट चलखेल गरिरहेको सुन्न आएको छ।' भन्सारले अनुसन्धान सकेर रायका लागि सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको छ। गुरुङका तर्फबाट केही नेताले सो मुद्दामा भन्सार र सरकारी वकिलसँग चासो राखेका छन्।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

प्रकाशन मिति : २०८०/०९/१४

यस कम्पनीले चिनबाट पैठारी गरेको देहायको माल वस्तुको अधिकतम खुद्रा बिक्रि मूल्य निम्न बमोजिम भएको ब्रेहोरा सर्बसाधारणको जानकारीको लागि यो मूल्य सुची प्रकाशन गरिएको हो।

क्र.स.	मालवस्तुको विवरण	ब्राण्ड	आकार प्रकार	मोडेल	क्षमता	उत्पत्तिको मुलुक	इकाई	अधिकतम खुद्राबिक्रि मूल्य
1.	Electric scooter	QJ MOTOR	1 DRIVER 1 PASSANGER	G2	3000 W	China	1	335000

जे. पी. क्लासिक इन्टरनेसनल प्रा. लि.
धनगडी, कैलाली
स्थायी लेखा न. ६१९७३३५०२ एग्जिम कोड : ६१९७३३५०२०१६४NP

कन्या चाहियो

२०५२ साल माघ २६ गते रातको नौ बजे जन्मेका क्षेत्री थापा थरका वरलाई स्वजातिय क्षेत्री थरकी कन्या तुरुन्तै चाहियो। स्नातक अध्ययन गरेका पाँच फिट ७ इन्च उचाई भएका र पत्रकारिता पेसामा आवद्ध युवाका लागि अभिभावक वा कन्या आफै सम्पर्क गर्नु हुन अनुरोध छ। कन्याको उमेर २१ देखि २८ सम्मको र न्यूनतम १२ कक्षा पास गरेको हुनुपर्नेछ।

सम्पर्क : ९८५१०८००८३, ९८१०१०००४४
thapaanusha453@gmail.com

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८०/०९/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक।

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट निम्न कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सुचना मार्फत सुचीत गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानुनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणीलाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीको नाम : विजय पशु तथा कृषि फर्म **प्रा.फ.नं.घ.उ.वि : १६७३८/०७६/०७७** दर्ता मिती : २०७६/१०/०८ दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय कास्की प्यान नं. : ६१२८८६१९३ फर्मको ठेगाना : पोखरा मा.न.पा.-२२, कास्की कर्जा शिर्षक : महिला उद्यमशिलता **कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : रानीपौवा, कास्की** **प्रोप्राईटर/जमानीकर्ताको विवरण** **क) नाम : निर्मला पौडेल** बाबुको नाम : त्रिलोचन बराल पतिको नाम : ठाकुर प्रसाद पौडेल ससुराको नाम : शिव शर्मा ठेगाना : आरुखर्क - १, स्याङ्गजा हालको ठेगाना : पोखरा - १७, कास्की नागरिकता नं. : ८८४५७ जारी गर्ने कार्यालय : जि.प्र.का., स्याङ्जा जारी मिति : २०६३/०७/२७	**ख) नाम : ठाकुर प्रसाद पौडेल** बाबुको नाम : शिव शर्मा बाजेको नाम : नन्दलाल पौडेल ठेगाना : आरुखर्क - १, स्याङ्जा हालको ठेगाना : पोखरा - १७, कास्की नागरिकता नं. : ६७३८९ जारी गर्ने कार्यालय : जि.प्र.का., स्याङ्जा जारी मिति : २०५९/०३/२४ **ग) नाम : विष्णु प्रसाद पौडेल** बाबुको नाम : ठाकुर प्रसाद पौडेल बाजेको नाम : शिव शर्मा ठेगाना : आरुखर्क - १, स्याङ्जा हालको ठेगाना : पोखरा - १७, कास्की नागरिकता नं. : ४२-०१-७१-०३५८८ जारी गर्ने कार्यालय : जि.प्र.का., स्याङ्जा जारी मिति : २०७१/०९/३० **घ) नाम : वेदनाथ पौडेल** बाबुको नाम : ठाकुर प्रसाद पौडेल बाजेको नाम : शिव शर्मा ठेगाना : फेदीखोला -४, स्याङ्जा हालको ठेगाना : पोखरा - १७ कास्की नागरिकता नं. : ४२-०१-७४-०२८१७ जारी गर्ने कार्यालय :जि.प्र.का., स्याङ्जा जारी मिति : २०७४/०६/२६

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) **ऋणीको नामः कोपिला वि.क** बाबुको नाम : सुकराम वि.क बाजेको नामः गोल्फे कामी ठेगानाः पुम्दीभुम्दी -०३, कास्की हालको ठेगाना : पोखरा-१७, कास्की नागरिकता नं. : १४३३६० जारी गर्ने कार्यालयः जि.प्र.का., कास्की जारी मिति : २०६०/०९/१५ **कर्जा शिर्षकः लघुउधम कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : जिरो कि.मि., पोखरा** **जमानीकर्ताको विवरण** **क) नाम : सेती कामी** बाबुको नाम : देउबहादुर वि.क पतिको नाम : सुकराम कामी ससुराको नामः गोल्फे कामी ठेगाना : पुम्दीभुम्दी-०३, कास्की हालको ठेगाना : पोखरा-१७, कास्की नागरिकता नं. : ४०१ जारी गर्ने कार्यालयः जि.का., कास्की जारी मिति : २०४४/११/१२	**ख) नामः तुल बहादुर वि.क** बाबुको नाम : सुकराम कामी बाजेको नाम : गोल्फे कामी ठेगाना : पुम्दीभुम्दी-०३, कास्की हालको ठेगाना : पोखरा-१७, कास्की नागरिकता नं. : ४६१००६/१०९ जारी गर्ने कार्यालयः जि.प्र.का., कास्की जारी मिति : २०६४/०३/२७ **ग) नामः माया गुरुङ** बाबुको नाम : मन वहादुर गुरुङ पतिको नामः श्याम बहादुर दराइ ससुराको नाम : बुद्धि बहादुर दराइ ठेगाना : पोखरा - ०८, कास्की नागरिकता नं. : ३४२१ जारी गर्ने कार्यालयः जि.प्र.का., कास्की जारी मिति : २०४९/०४/०९ **घ) नाम : सन्त कुमारी गुरुङ** बाबुको नाम : प्रेम वहादुर गुरुङ पतिको नामः रामकाजी गुरुङ ससुराको नाम : कृष्ण बहादुर गुरुङ ठेगाना : शुक्ला गण्डकी - ०६, कास्की हालको ठेगाना : पोखरा-०६, कास्की नागरिकता नं. : ५४ जारी गर्ने कार्यालयः जि.प्र.का., तनहुं जारी मिति : २०४९/०४/११

ऋणीको विवरण	जमानीकर्ताको विवरण
३) ऋणीको नाम : विनिशा क्षेत्री कार्की बाबुको नाम : धन बहादुर क्षेत्री पतिको नाम : विक्रम कार्की ससुराको नाम : रुद्र वहादुर कार्की ठेगाना : शंकरपोखरी -३, पर्वत हालको ठेगाना : पोखरा - १०, कास्की नागरिकता नं. : ५१३०३२/१५ जारी गर्ने कार्यालय : जि.प्र.का., पर्वत जारी मिति : २०७०/०२/२२ **कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : पोखरा न्युरोड, कास्की** **जमानीकर्ताको विवरण** **क) नाम : चन्द्र कला थापा** बाबुको नाम : शिव बहादुर थापा पतिको नाम : सुरेन्द्र वहादुर थापा ससुराको नाम : अम्मर बहादुर क्षेत्री ठेगाना : महयाङकोट-४,स्याङ्जा हालको ठेगाना : पोखरा- १०, कास्की नागरिकता नं. : ५६५९२ जारी गर्ने कार्यालय : जि.प्र.का., स्याङ्जा जारी मिति : २०५६/११/०८	**ख) नाम : विक्रम कार्की** बाबुको नाम : रुद्र वहादुर कार्की बाजेको नाम : सिताराम कार्की ठेगाना : शंकरपोखरी -३, पर्वत हालको ठेगाना : पोखरा - १०, कास्की नागरिकता नं. : ५१३०५१/८७ जारी गर्ने कार्यालय : जि.प्र.का., पर्वत जारी मिति : २०७०/०२/१७ **ग) नाम : याम कुमारी क्षेत्री** बाबुको नाम : मुक्त वहादुर बोहोरा पतिको नाम : सोवित वहादुर क्षेत्री ससुराको नाम : मेख बहादुर क्षेत्री ठेगाना : आरुखर्क - ४, स्याङ्जा हालको ठेगाना : पोखरा - १०, कास्की नागरिकता नं. : ६२४५४ जारी गर्ने कार्यालय : जि.प्र.का., स्याङ्जा जारी मिति : २०५७/११/२४

ऋणीको विवरण	जमानीकर्ताको विवरण
४) ऋणीको नाम : मोहिनी पहारी बाबुको नाम : रामजी सुभाजु पतिको नाम : प्रदिप पहारी ससुराको नाम : रामकृष्ण पहारी ठेगाना : पोखरा -९, कास्की नागरिकता नं. : १२९२४८ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की जारी मिति : २०५९/०६/०३ **कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : पोखरा न्युरोड, कास्की** **जमानीकर्ताको विवरण** **क) नाम : सोनी कुमारी गुप्ता** बाबुको नाम : जोगेन्द्र प्रसाद गुप्ता पतिको नाम : चन्दन प्रसाद रौनियार ससुराको नाम : सुरेश प्रसाद रौनियार ठेगाना : लिपनी बिर्ता-३, पर्सा हालको ठेगाना : पोखरा- ९, कास्की नागरिकता नं. : ३४१०४७/३५६ जारी गर्ने कार्यालय : जि.प्र.का, पर्सा जारी मिति : २०६७/१२/०३	**ख) नाम : अच्युत जङ्ग पहारी** बाबुको नाम : प्रदिप पहारी बाजेको नाम : रामकृष्ण पहारी ठेगाना : पोखरा लेखनाथ-९ कास्की नागरिकता नं. : ४६-०१-७५-००३३६ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०७५/०१/१४ **ग) नाम : ज्योति परियार** बाबुको नाम : बसन्त परियार पतिको नाम : श्याम सिंह परियार ससुराको नाम : हरि सिंह परियार ठेगाना : नेपालगञ्ज-३, बाँके हालको ठेगाना : पोखरा- ९, कास्की नागरिकता नं. : ६६१०१९/२२७ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके जारी मिति : २०६४/०३/१७

ऋणीको विवरण	जमानीकर्ताको विवरण
५) ऋणीको नाम : लेखनाथ पराजुली बाबुको नाम : सुवाखर पराजुली बाजेको नाम : नरहरि पराजुली ठेगानाः सिसिकोट -९, स्याङ्जा हालको ठेगाना : कावासोती-०२, नवलपरासी नागरिकता नं.:४२२०४५/३३७६९ जारी गर्ने कार्यालय :जि.प्र.का., स्याङ्जा जारी मिति : २०६५/०७/२६ **कर्जा शिर्षक : लघुउद्यम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : कावासोती, नवलपरासी** **जमानीकर्ताको विवरण** **क) नाम : सिता डुम्रे** बाबुको नाम :बिनी माधव डुम्रे पतिको नाम : लेखनाथ पराजुली ससुराको नाम : सुवाखर पराजुली ठेगानाः मक्हर-४, रुपन्देही हालको ठेगाना : कावासोती-०२, नवलपरासी नागरिकता नं.: ३७१००१/२७८५७ जारी गर्ने कार्यालय :जि.प्र.का., रुपन्देही जारी मिति :२०६७/०२/२४	**ख) नाम : नारायण दत्त चापागाई** बुवाको नाम : टिकाराम चपागाई बाजेको नाम : प्रेम नारायण चपागाई ठेगाना : कावासोती -२, नवलपरासी (ब.सु.पू.) नागरिकता नं.:७-१६३८ जारी गर्ने कर्यालय : जि.प्र.का., नवलपरासी (ब.सु.पू.) जारी मिति : २०४६/०२/२५ **ग) नाम : विमल राज सापकोटा** बाबुको नाम : झमनाथ सापकोटा बाजेको नाम : चिन्तामणी सापकोटा ठेगाना : शिवमन्दिर-०७, नवलपरासी हालको ठेगाना : कावासोती-०५, नवलपरासी नागरिकता नं.:४०९४३ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०६१/११/११

ऋणीको विवरण	जमानीकर्ताको विवरण
६) ऋणीको नाम : प्रकाश गुरुङ बाबुको नाम : राज कुमार गुरुङ्ग बाजेको नाम : पदम गुरुङ ठेगानाः पिठौली-०२, नवलपरासी हालको ठेगाना : कावासोती-११, नवलपरासी (व.सु.पू.) नागरिकता नं.:३६२०१५/१९१४ जारी गर्ने कार्यालय :जि.प्र.का.,नवलपरासी जारी मिति : २०७०/०८/१० **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : कावासोती, नवलपरासी** **जमानीकर्ताको विवरण** **क) नाम : सुजता गुरुङ** बाबुको नाम :टिका बहादुर गुरुङ पतिको नाम : प्रकाश गुरुङ ससुराको नाम : राज कुमार गुरुङ्ग ठेगानाः कावासोती-१२, नवलपरासी नागरिकता नं.:३६-०२-७५-०३४३६ जारी गर्ने कार्यालय :जि.प्र.का., नवलपरासी जारी मिति : २०७५/०४/१६	**ख) नाम : गणेश बहादुर कुंवर क्षेत्री** बुवाको नाम : भोज बहादुर कुंवर क्षेत्री बाजेको नाम : दान बहादुर कुंवर क्षेत्री ठेगाना : पिठौली -४, नवलपरासी हालको ठेगाना : कावासोती-१३, नवलपरासी नागरिकता नं.:१२९२१ जारी जिल्ला :जि.प्र.का, नवलपरासी जारी मिति : २०५६/०३/०६ **ग) नाम : डम्बर सिं थापा** बाबुको नाम : याम बहादुर थापा बाजेको नाम : गगन सिं थापा ठेगाना : केशवटार-०२, तनहु हालको ठेगाना : कावासोती-११, नवलपरासी (व.सु.पू.) नागरिकता नं.:११४९३ जारी जिल्ला :जि.प्र.का., तनहु जारी मिति : २०५१/११/०५

नेपाल विज्ञापन संघ (आन)
शान्तिनगर, काठमाडौं
Advertising Association of Nepal

११औं कार्यसमितिको निर्वाचन सम्बन्धी अत्यन्त जरूरी सार्वजनिक सूचना


सूचना प्रकाशन मिति : २०८०/०९/१४

यस नेपाल विज्ञापन संघ (आन) को शंसोधित विधान २०७९ को दफा १० बमोजिम मिती २०८० साल पौष ६ गते शुक्रबारका दिन अरण्य बुटिक होटल नागपोखरीमा सम्पन्न नेपाल विज्ञापन संघ को २४औं वार्षिक साधारण सभाले उद्घाटन शत्र र बन्द शत्रको कार्यक्रम पश्चातको निर्वाचन कार्यक्रम यथासिघ्र कार्यसमितिले निर्वाचनको मिती तय गरी निर्वाचन प्रकृया अघि बढाउने निर्णय भए अनुसार मिति २०८० साल पौष २२ गते आइतबारका दिन निम्न स्थान, मिति र समयमा निर्वाचन कार्यक्रम सम्पन्न गर्ने गरी कार्यसमितिको मिति २०८० पौष १२ गतेको बैठकको निर्णय अनुसार उपस्थितिका लागि सम्पूर्ण सदस्यज्यूहरुमा सूचित गरिन्छ।

कार्यक्रम :
मितिः २०८० साल पौष २२ गते आइतबार,
समयः दिउसो २:.०० बजे,
स्थान : अरण्य बुटिक होटल, नागपोखरी, नक्साल, काठमाडौं।

नोट : निर्वाचन संम्वन्धी सम्पूर्ण जानकारी एवं सूचना निर्वाचन समिति मार्फत सूचित गराइन्छ। यस सम्वन्धमा थप जानकारी चाहिएमा संघको सचिवालयमा सम्पर्क राख्नु हुन समेत सादर अनुरोध गरिन्छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यानयाँ
शनिबार १४ पुस ०८०
nayapatrikaofficial @naya_patrika



मधेश राजनीतिमा यादव र महतोबीच सहकार्य र प्रतिस्पर्धा दुवै भए। तर, जसपाबाट अलग्गिएर लोसपा बनेपछि दुवैबीच सम्बन्ध 'हार्दिक' छैन। पार्टी फुटपछि करिब दुई वर्षसम्म त उनीहरूबीच बोलचालसम्म भएन। गत मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा दुवै आ-आफ्नो निर्वाचन क्षेत्रबाट नमीठोसँग पराजित भए। यादव त उपनिर्वाचन जितेर पुनः संसद्मा प्रवेश भइसकेका छन्। महतो भने फुटेर झन् कमजोर भएको लोसपाभित्र निर्णायक संघर्षको चरणमा छन्।

उपेन्द्र-राजेन्द्र

कहिले खट्टा, कहिले मीठा

महतो मात्रै होइन, कुनै पनि नेतासँगको सम्बन्धबारे यादव धेरै बोल्नै चाहँदैनन्। 'मेरो कसैसँग राम्रो सम्बन्ध पनि छैन, नराम्रो पनि छैन। त्यसैले केही भनिरहनुपरेन,' उनको छोटो जवाफ छ।

चुनावी परिणाम आएको राति नै महतोले यादवलाई बधाईको म्यासेज पठाए। 'तर, उहाँले धन्यवादसम्म दिनुभएको छैन,' महतोको चित्त दुखाइ छ, 'हामीबीच खट्टा-मीठा सम्बन्ध छ। उहाँलाई अप्ठ्यारो पर्दा मैले सधैँ साथ दिएँ। तर, मलाई कहिल्यै साथ दिएको अनुभव छैन।'

सम्बन्ध



अनिल यादव

०७४ भदौ २० गते काठमाडौंस्थित शंखमूलमा रहेको तत्कालीन गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रको कार्यालयमा तत्कालीन संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी (राजपा) नेपालबीच चुनावी गठबन्धन गर्ने सम्झौता भयो। सम्झौतापछि बाहिर निस्कने क्रममा तत्कालीन फोरमका अध्यक्ष उपेन्द्र यादवले तत्कालीन अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोलाई हात मिलाउँदै मैथिलीमा भनेका थिए, 'जब-जब हामी दुईजना एक ठाउँमा आउँछौं, तब-तब मधेशमा राम्रो हुन्छ।'

यो संवादको साक्षी रहेका अध्ययन केन्द्रका अध्यक्ष अनिल महासेठले त्यसपछि उनीहरूले हात मिलाउँदै गरेको तस्बिरसहित फेसबुकमा स्टाटस नै लेखेका थिए, 'इतिहास साक्षी छ। जब-जब मधेश र मधेसीको सवालमा यी दुइ नेता साथमा आउँछन्, परिणाम मधेश र मधेसीको भावनाअनुसार नै आउँछ।'

तर, अहिले दृश्य फरक छ। मधेश आन्दोलनका वेला दुवै नेतृत्वदायी भूमिकामा थिए, अहिले परिस्थिति बदलिएको छ। समयअनुसार पार्टीका नाम बदलिए होलान्, तर यादव लगातार पार्टी नेतृत्वमै छन्, महतो भने नेतृत्वबाट पछि हट्दै 'सेकेन्डम्यान'को भूमिकामा खुम्चिएका छन्।

मधेश राजनीतिमा यादव र महतोबीच सहकार्य र प्रतिस्पर्धा दुवै भए। तर, जसपाबाट अलग्गिएर लोसपा बनेपछि दुवैबीच सम्बन्ध 'हार्दिक' छैन। पार्टी फुटपछि करिब दुई वर्षसम्म त उनीहरूबीच बोलचालसम्म भएन। गत मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा दुवै आ-आफ्नो निर्वाचन क्षेत्रबाट नमीठोसँग पराजित भए। यादव त उपनिर्वाचन जितेर पुनः संसद्मा प्रवेश भइसकेका छन्। महतो भने फुटेर झन् कमजोर भएको लोसपाभित्र निर्णायक संघर्षको चरणमा छन्। दुवैको सम्बन्ध यो स्थितिमा कसरी आइपुग्यो, यो केलाउनुअघि उनीहरूको पहिलो भेट र त्यसपछि भएका सहकार्य र प्रतिस्पर्धाका शृंखलामै फर्कनुपर्छ।

पहिलो भेट

राजेन्द्र र उपेन्द्रको पहिलो भेट ०५७ सालतिर सर्लाही मलंगवास्थित महतोकै डेरामा भएको थियो। त्यतिवेला राजेन्द्र सद्भावना पार्टीमा सांसद थिए भने उपेन्द्र मधेसी जनाधिकार फोरमका अध्यक्ष। फोरम त्यतिवेला दल भइसकेको थिएन, सामाजिक संस्था नै थियो। तत्कालीन सद्भावना पार्टीका नेता रामेश्वर यादवसँग भेट गरेपछि महतोलाई भेट्न उपेन्द्र एकजना सहयोगी लिएर उनको डेरामा पुगेका थिए। 'उहाँ एकदम सिम्पल तरिकाले आउनुभएको थियो,' महतो पहिलो भेट सम्झन्छन्, 'हामीबीच सामान्य चिनजानबाहेक भेटघाटको खास प्रयोजन केही थिएन। म अहिले पनि सम्झन्छु, उहाँ पाइन्ट, सर्ट र खुट्टामा चप्पल लगाएर, हातमा एउटा ब्याग बोकेर बिहानको १०-११ बजेतिर मेरो डेरामा आउनुभएको थियो। दलका हिसाबले सायद उहाँ माओवादीसँग आबद्ध हुनुहुन्थ्यो, तर बढी गफ फोरम र मधेशकै विषयमा भयो। जानेवेलामा मलाई पढ्नलाई केही पुस्तकसमेत दिएर जानुभएको थियो।'

त्यसपछि ०५७ सालतिर विराटनगरमा आयोजित सद्भावना पार्टीको कार्यक्रममा मधेशको समस्याको विषयमा उपेन्द्रले बौद्धिक व्यक्तिका हिसाबले कार्यपत्र प्रस्तुत गरेका थिए। कम्युनिस्ट पृष्ठभूमि भए पनि उपेन्द्रको बढी परिचय मधेशको बौद्धिक व्यक्तित्व नै थियो। मधेशका मुद्दालाई उनी कम्युनिस्टको दृष्टिकोणबाट हेर्थे।

विस्तारै राजेन्द्रसँग विभिन्न बैठक र कार्यक्रममा भेट बाक्लियो। यद्यपि, उनीहरूको सघन सम्बन्ध भने ०६२/६३ को जनआन्दोलनपछि मात्रै बन्यो। नेपालको अन्तरिम संविधान जारी भएपछि त्यहाँ संघीयता, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र र समावेशी समानुपातिकको मुद्दा समेटिएपछि महतोको सद्भावना पार्टीले संविधानमा 'नोट अफ डिसेन्ट' नै लेख्यो। 'नोट अप डिसेन्ट'पछि मधेश बन्द भयो। बन्दका क्रममा नेपालगन्जमा मधेसीमाथि राज्यबाटै निर्मम आक्रमण भयो। त्यतिवेला नेपालगन्ज घटनाको सिडी व्यापक रूपमा प्रचार गर्नेमा उपेन्द्र पनि थिए।

माघ १ गते संविधान जारी हुने दिन सद्भावना पार्टीका तर्फबाट हृदयेश त्रिपाठी मन्त्री थिए। तर, सद्भावना पार्टीले 'नोट अफ डिसेन्ट'का कारण पार्टीभित्रबाटै त्रिपाठीलाई सरकारबाट बाहिरन दबाब दियो। त्रिपाठी तयार भएनन्। भोलिपल्ट माघ २ गते उपेन्द्र यादवसहितका नेताहरू माइतीघर मण्डला पुगेर संविधानमा आगो लगाए। वैचारिक अभियानमा पहिल्यैदेखि लागे पनि सडकमै आएर यादवले गरेको पहिलो ठूलो विद्रोह यसैलाई मानिन्छ। त्यतिवेला महतोले संसद्मा 'विनासंघीयताको संविधान जारी भयो भने मधेशमा आगो लाग्न सक्छ र त्यतिखेर आगो निभाउन सरकारसँग कुनै दमकल हुनेछैन' भन्दै भाषण गरेका थिए। माइतीघरमा संविधान जलाएपछि यादवसहित मधेशका २८ नेता कार्यकर्ता पक्राउ परे। पक्राउको विरोधमा मधेश बन्दको घोषणा भयो। मधेश बन्दकै क्रममा रमेश महतोको हत्या भयो।

मधेशमा आक्रोशको आगो झन् दन्किरहेको थियो, त्यतिवेला बालुवाटारमा आठ दलको वार्ता भइरहेको थियो। आन्दोलन ठीक गर्नलाई नेपाली सेना र माओवादी सेना दुवै पठाउनेसम्मका चर्चा चलिरहेका थिए। बालुवाटार र सदनमा आन्दोलनको पक्षमा बोल्ने महतो एक्लै हुन्थे। उता सडकमा आन्दोलन तताउने यादव। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेशका मुद्दा सम्बोधन गर्न तयार भए। केही समयलाई आन्दोलन मत्थर भयो।

त्यसपछि ०६४ भदौ १३ गते तत्कालीन सरकारसँग उपेन्द्रले २२ बुँदे सम्झौता गरे। फोरम त्यतिवेला एनजिओबाट राजनीतिक दल भइसकेको थियो। यादवले सरकारसँग गरेको त्यो २२ बुँदे सम्झौताको भने मधेशमै विरोध सुरु भएको थियो। फोरमकै नेताहरू भाग्यनाथ गुप्ता, किशोर विश्वास, जितेन्द्र सोनाल, रामकुमार शर्मालगायतका नेताले पार्टीबाट विद्रोह गरेर छुट्टै 'मधेसी जनाधिकार फोरम मधेश' बनाएका थिए।

त्यहीवेला महतो आबद्ध सद्भावना पार्टी टुटफुट भएर बेहाल अवस्थामा पुगेको थियो। पार्टी श्यामसुन्दर गुप्ताको कब्जामा पुगेको भन्दै महतो पनि पीडामा थिए। एकातिर २२ बुँदे सम्झौताले उपेन्द्रप्रति विश्वास गुमेको र कमजोर बनेको अवस्था, अर्कोतिर आफूबाटै पार्टी खोसिएका महतो।

०६४ साल, अर्थात् त्यही वेला पहिलो संविधानसभाको चुनावको घोषणा भइरहेको थियो। दुवै 'पीडित'लाई त्यतिवेला चुनावले जोडेको महतो स्विकार्छन्।

'हामी दुवै मधेशको मुद्दामा काम गरिरहेका थियौं,' महतो भन्छन्, 'संविधानसभामा मधेशको आवाज पुऱ्याउनलाई चुनाव जित्नैपर्ने थियो। त्यसैले हामीले एक-अर्कालाई खोज्यौं।'

माघको जाडोतिर हो, त्यतिवेला भीमसेनगोलास्थित महतोको घरको छतमा चार दिन उनीहरूबीच सहकार्यका लागि निरन्तर छलफल भएको थियो। यादवसँग महतोले चुनावी मोर्चाको प्रस्ताव गरे। अन्ततः दुवै संयुक्त मधेसी मोर्चा गठन गर्न तयार भए। राजनीतिक हिसाबले महतो र यादवबीच भएको पहिलो सहकार्य यही नै हो।

यहीवेला गौर हत्याकाण्डका कारण उपेन्द्रमाथि थप तनाव थियो। त्यतिवेला उपेन्द्रका कारण आफूले गाली खाएको क्षण महतोको मस्तिष्कमा अझै ताजा छ। 'हामी दुवैजना जनकपुर पुगेका थियौं,' महतोले सम्झिए, 'त्यतिवेला म बसेको होटेलमै नौजना युवा मलाई घेर्न आए। उपेन्द्रलाई लिएर किन आएको भन्दै आक्रोश पोखे। उनीमाथि २२ बुँदे सम्झौता गरेर मधेशलाई गद्दारी गरेको आरोप थियो। एकचोटी गल्ती भयो भन्दैमा कामै नगर्ने भन्ने हुँदैन। उहाँ सच्चिनुभएको छ भनेर सम्झाएको थिएँ। मधेशलाई बलियो बनाउन मिल्नुको विकल्प छैन भनी बुझाएर पठाएको थिएँ।'

केही समयपछि दुई दलको मोर्चामा समाहित हुन आइपुग्यो, महन्थ ठाकुर नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)। र, बन्यो- संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा। आफ्ना मुद्दा सम्बोधन नभएपछि फेरि दोस्रो मधेश आन्दोलन भयो। यसलाई मधेशमा भएको सबैभन्दा व्यवस्थित र प्रभावशाली आन्दोलन भनिन्छ।

यही आन्दोलनको परिणाम हो- आठबुँदे सम्झौता। तीन दलको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०६४ फागुन १६ गते संविधानसभाको पहिलो निर्वाचन अघि आठबुँदे सहमति भएको थियो। अधिकार पहिचान र मधेशका हकमा सबैभन्दा बलियो सम्झौता यसैलाई मानिन्छ। यद्यपि, अहिले पनि त्यो सम्झौता पूर्ण रूपमा कार्यान्वयन नभएको मधेशकेन्द्रित दलहरूको गुनासो र माग यथावतै छ।

'हामी एक ठाउँमा उभिएपछि पहिलोपटक त्यो ऐतिहासिक सम्झौता भयो,' महतो भन्छन्, 'त्यही सम्झौताको जगमा अहिले अधिकार पहिचानका कुरा उठिरहेको छ। पहिचानसहितको प्रदेश दिने भनेर सम्झौता थियो। तर, मधेशबाहेक अन्यमा प्रदेश नामाकरणमा विरोध छ। कोशीमा आन्दोलन भइरहेको छ।'

यो सम्झौतापछि उपेन्द्र मधेशतिर झरे। विजय गच्छदार, जेपी गुप्तालगायतका नेताहरू उनको पार्टीमा प्रवेश गरे। मधेशमा फोरम बलियो हुँदै गयो। राजेन्द्र र महन्थ चाहन्थे, अब चुनाव पनि सहकार्य गरेरै लड्नुपर्छ। तर, उपेन्द्रको फोरम एक्लै चुनाव लड्ने निष्कर्षमा पुगे। त्यतिवेला उपेन्द्रले एक्लै चुनाव लडेर आफूहरूलाई धोका दिएको राजेन्द्रको निष्कर्ष छ। 'हामी सँगै चुनाव लडेको भए दुई सय सिट आउँथ्यो,' उनले अझै हिसाब बिर्सिएका छैनन्, 'मधेशका जनता सबैले हामीलाई भोट दिन्थे। तर, छुट्टाछुट्टै दल भएर लड्दा जम्मा ८३ सिट आयो। सँगै लडेको भए पहिलो संविधानसभामा हाम्रो प्रभावकारी भूमिका हुन्थ्यो। तर, उपेन्द्रजी आफू र आफ्नो पार्टीकेन्द्रित मात्रै हुनुभयो। त्यतिवेला फोरम ५३ सिट ल्याएर मधेशको ठूलो पार्टी त बन्यो, तर त्यसपछि ?'

त्यसपछि ०७० मा दोस्रो संविधानसभामा मधेशकेन्द्रित दलहरूको राम्रो परिणाम आएन। फेरि संयुक्त मधेसी मोर्चा बन्यो। फोरम, सद्भावना र तमलोपा एकीकरणका लागि एक वर्षसम्मै प्रयत्न भयो। तर, सम्भव भएन। पछि उपेन्द्र यादवले अशोक राईसँग एकता गरेर पार्टीको नाम 'समाजवादी पार्टी' बनाए।

०७२ को भूकम्पपछि जब मधेशमा नाकाबन्दी भयो, त्यतिवेला आन्दोलन राजेन्द्र महतो भर्सेस केपी ओलीजस्तो भएको थियो। बाहिर महतोले बढी जस पाइरहँदा उपेन्द्र खुशी थिएनन्। त्यतिवेला पनि उनीहरूबीच सहज सम्बन्ध नभएको उनी निकटका बताउँछन्।

मोर्चाबन्दीबीच ०७३ सालमा ६ मधेशकेन्द्रित दल मिलाएर राजपा बन्यो। यो एकताको पहलकदमी लिने एक नेता, महतो स्वयं पनि हुन्। तर, यो मोर्चामा उपेन्द्रको फोरम आउन तयार भएन। त्यतिवेला तराई मधेश लोकतान्त्रिक पार्टी, सद्भावना, फोरम लोकतान्त्रिक, संघीय सद्भावना, तराई मधेश सद्भावना पार्टी र राष्ट्रिय मधेश समाजवादी पार्टीबीच एकता भएको थियो। मधेशका नेताहरू महन्थ ठाकुर, राजेन्द्र महतो, महेन्द्र यादव, शरत्सिंह भण्डारी, राजकिशोर यादव र अनिल झा एकै ठाउँमा आइपुगेका थिए।

यादव भने महतो मात्रै होइन, कुनै नेतासँगको सम्बन्धबारे केही बोल्न चाहँदैनन्। 'मेरो कसैसँग राम्रो सम्बन्ध पनि छैन, नराम्रो पनि छैन। त्यसैले केही भनिरहनुपरेन,' उनको छोटो जवाफ छ।

यादवको आत्मकेन्द्रित स्वभावले सधैं मतभिन्नता ल्याएको महतो बताउँछन्। 'केन्द्रमा मधेश नराख्ने, आफू र आफ्नो पार्टीलाई राख्ने उहाँको स्वभाव छ। यहीकारण, सधैं उहाँसँग मेरो मतभिन्नता हो,' उनले भने, 'मधेशलाई बलियो बनाउन म सधैं एकता र मोर्चाबन्दीको पक्षमा रहैं। तर, ६ दल मिलेर राजपा बनाउँदा पनि उपेन्द्र आउन मानेनन्।'

यादवको आत्मकेन्द्रित स्वभावले सधैं मतभिन्नता ल्याएको महतो बताउँछन्। 'केन्द्रमा मधेश नराख्ने, आफू र आफ्नो पार्टीलाई राख्ने उहाँको स्वभाव छ। यहीकारण, सधैं उहाँसँग मेरो मतभिन्नता हो,' उनले भने, 'मधेशलाई बलियो बनाउन म सधैं एकता र मोर्चाबन्दीको पक्षमा रहैं। तर, ६ दल मिलेर राजपा बनाउँदा पनि उपेन्द्र आउन मानेनन्।'

०७२ को संविधान निर्माण भएपछि त्यसको विरोधमा ६ महिने मधेश आन्दोलन हुँदा पनि मधेसी मोर्चाभित्र स्थानीय तह चुनावमा नजाने कुरा भएको थियो। महतोका अनुसार संविधान संशोधनको माग सम्बोधन नभएसम्म आन्दोलनमा सहभागी नहुने सहमति भएको थियो। ०७३ सालमा तीन चरणमा स्थानीय तह निर्वाचन हुने घोषणा भयो। महतो र ठाकुरले चुनावमा सहभागी नहुने अडान लिए। तर, उपेन्द्र पहिलो र दोस्रो दुवै चरणको चुनावमा एक्लै सहभागी भए। त्यसले पनि महतो र यादवबीचको सम्बन्धमा दरार उत्पन्न गरायो।

तेस्रो चरणमा भने मधेशमा चुनाव गराउन गाह्रो हुने परिस्थिति सिर्जना भएपछि तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकार संविधान संशोधन गर्ने या नगर्ने भन्ने पक्षमा मतदान गराउन तयार भयो। एमाले र राप्रपा नेपालबाहेक अन्य दलले मतदान गरे। संशोधनको पक्षमा मत पुगेन, तर राम्रो मत आएका कारण मुद्दा स्थापित भने भयो। संशोधनको पक्षमा पनि ठूलो जनमत छ भने स्पष्ट देखियो।

यसबीचमा पटक-पटक एकताका कोसिस भए, तर सम्भव भइरहेको थिएन। राजपा र समाजवादी पार्टीबीच एकता गराउन महतोले पटक-पटक यादवसँग पहल गरेका थिए। जब मधेशकेन्द्रित दलभित्र फुटको स्थिति आयो, त्यसपछि भने रातारात एकताले मूर्तरूप पायो। समाजवादी पार्टीभित्र नेताहरूको असन्तुष्टि बढेको थियो। प्रदीप यादव, रेणु यादव, मोहम्मद इस्तियाकलगायत नेताहरू पार्टी विभाजनमा लागेको अनुमान थियो। त्यतिवेला मधेशकेन्द्रित दल टुक्र्याउन सहज हुने गरी तत्कालीन केपी ओली नेतृत्वको सरकारले दल विभाजनसम्बन्धी अध्यादेश ल्याएको थियो। दल टुक्र्याउन सातमध्ये एक सांसदको जोहो एमाले स्वयंले गर्ने तयारी रहेकोसम्म चर्चा थियो। पार्टी फुटाउन प्रधानमन्त्री केपी शर्मा ओलीको आदेशमा महेश बस्नेत र सर्वेन्द्र खनाललेे डा. सुरेन्द्र यादवलाई मधेशबाट अपहरण गरेर काठमाडौं ल्याइएकोसम्म खबर बाहिरियो।

त्यतिवेला पार्टी फुट्ने डरले यादव रातारात राजपासँग एकता गर्न तयार रहेको बताइन्छ। अध्यादेश आएको तीन दिनभित्रै एकता हुनुले पनि यो भयलाई बल दिन्छ।

०७७ वैशाख १० गते मध्यरातमा पार्टी एकताको घोषणा भयो। त्यतिवेलासम्म यादवको समाजवादी पार्टीमा बाबुराम भट्टराई नेतृत्वको तत्कालीन नयाँ शक्ति पार्टीले पनि एकता गरिसकेको अवस्था थियो। 'एमालेले पार्टी फुटाउँदै छ भन्ने प्रस्ट भएपछि उपेन्द्र यादव एकता गर्न तयार हुनुभएको हो,' महतो त्यो क्षण सम्झँदै समीक्षा गर्छन्, 'कति प्रयास गर्दा पनि उहाँ मान्दै मान्नुभएको थिएन। तर, भोलिपल्ट फुट्दै छ भनेपछि मलाई बिहानै फोन गरेर एकता घोषणा गरिदिनुस् भन्नुभयो। सादा कागज लिएर आउनू, म सही गरिदिन्छु, एकता घोषणा गरिदिनुस् भन्दै आग्रह गर्नुभयो। साथीहरू सबैले मलाई रोकिरहेका थिए, यसलाई फुट्न देऊ, बरु भोलि एकता गर्नौंला भन्ने सुझाव थियो। तर, फुट्यो भने मधेशवादी शक्ति कमजोर हुन्छ भनेर मैले मानिनँ।'

आफ्नो अस्तित्व मेटाएर पनि आफूले जसपा बनाउन भूमिका खेलेको, तर यादवले गुन नसम्झिएको महतोको आरोप छ। 'सद्भावनामा म आफैं पार्टी अध्यक्ष थिएँ, राजपा बनाउँदा पनि बराबरीको हैसियतमा एकता गरेको थिएँ,' महतोको गुनासो छ, '६ दलबीच एकता हुँदा सिट संख्याका हिसाबले सबै दलको हैसियत बराबरी थिएन। तर, एकताका खातिर सबैलाई अध्यक्ष मान्न तयार भएँ। जसपा निर्माणका खातिर अध्यक्ष पद त्याग्न तयार भएँ। तर, उपेन्द्रजीले बुझ्नुभएन।'

पार्टी एकता भएको एक वर्ष नपुग्दै जसपा फेरि फुटको स्थितिमा पुग्यो। प्रमुख कारण बन्यो- तत्कालीन केपी ओली नेतृत्वको सरकारले गरेको प्रतिनिधिसभा विघटन। ओलीको कदमको पक्षमा जसपाभित्र दुई धार निर्माण भयो। राजपाबाट आएको ओलीको पक्षमा रहे, समाजवादीबाट आएकाहरू त्यसको विरोधमा। पार्टी एकता गर्दैगर्दा महतोलाई संसदीय दलको नेता बनाउने उपेन्द्रको आश्वासन थियो। तर, पछि महतोलाई वरिष्ठ नेता मात्रै बनाइयो। यसमा विघटनको मुद्दा थपिएपछि यादव-महतोको सम्बन्धमा झन् ठूलो पर्खाल उभिएको थियो। जसपाभित्र ठाकुर-महतो पक्षका २२ सांसदले ओलीको पक्षमा साथ दिएपछि संसद् पुनर्स्थापनाका लागि लडिरहेका यादव बिचकिए। विवाद निर्वाचन आयोगसम्म पुग्यो। दुवै धारले एक-अर्कालाई पालैपालो निष्कासनको पत्रसम्म निर्वाचन आयोगमा पठाए। अन्ततः आयोगको फैसलाले जसपाको आधिकारिकता यादवले पाए, कारबाही कसैको मान्य भएन। दल विभाजन अध्यादेश ल्याएर जसपाबाट महन्थ, महतोलगायतको समूह बाहिरियो। र, बन्यो लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)।


त्यसो त यादव र महतोबीच पार्टी एकता घोषणा भएदेखि नै तित्तता सुरु भएको थियो। एकताका लागि खाली पानामा हस्ताक्षर गर्न तयार रहेका यादवले घोषणापछि भने आफ्नो रंग बदलेको महतोको आरोप छ। जिम्मेवारी बाँडफाँटलाई लिएर उनीहरूबीच लामो समय नोकझोक भएको पार्टीका नेताहरू बताउँछन्।

उपनिर्वाचनले तोड्यो बोलचाल

जसपा र लोसपाको विभाजनपछि लामो समय महतो यादवको बोलचाल भएन। गत वैशाख १० मा सम्पन्न उपनिर्वाचनले उनीहरूबीचको बोलचाल तोड्यो। कारण-बारा २ को उपनिर्वाचन। निर्वाचनमा पराजित दुवै बारामा उपनिर्वाचन लड्ने चर्चा भयो। दुवै सत्तागठबन्धनभित्रै थिए। सिके राउतको जनमत यादवलाई हराउन मैदानमा उत्रिएको

» पृष्ठ ४ मा क्रमशः

मैले उठाएका केही विषयमा सकारात्मक परिणाम देखिएको छ



संसद् अनुभव

● माधव सापकोटा

सिन्धुपाल्चोक १ का मतदाताले अमूल्य मत दिएर आफ्नो प्रतिनिधिका रूपमा संघीय संसद्, प्रतिनिधिसभामा पठाएको एक वर्ष पूरा भएको छ । ०७९ मंसिर ४ को चुनाव उम्मेदरवारका रूपमा मेरा लागि पहिलो थियो । पार्टीले जिम्मेवारी दिएपछि उमेरले ४० टेक्दै गर्दा चुनावी प्रतिस्पर्धामा होमिएँ । सिंगो पार्टी, गठबन्धन, अग्रज र युवाको दरिलो साथ थियो । त्यसैले विजयी हुन्छु भन्नेमा म ढुक्क थिएँ । हाम्रो सिंगो टिमले निकै मिहिनेतका साथ सिन्धुपाल्चोक १ का हरेक घरआँगनमा पुगेर मत मागेको थियो । निर्वाचनमा सिन्धुपाल्चोकले गठबन्धनमा भएको सहमतिलाई जस्ताको तस्तै कार्यान्वयन गऱ्यो । यसका लागि पार्टीपंक्ति, युवा पुस्तादेखि मतदातासम्मको निकै ठूलो मिहिनेत परेको थियो । पार्टीभन्दा माथि उठेर ठूलो पंक्तिले मलाई विश्वास पनि गऱ्यो । निर्वाचित भएको एक वर्ष पूरा भएको अवसरमा म सबै मतदाताप्रति आभार व्यक्त गर्दछु, सम्मान गर्न चाहन्छु ।

निर्वाचनको एक महिनाअघि गठबन्धनका तर्फबाट पाँच वर्षका लागि निर्वाचन क्षेत्रकेन्द्रित साझा प्रतिबद्धता जारी गर्यौं र तिनै विषय लिएर मतदातासामु पुग्यौं । ०७९ मंसिर ४ मा सहज रूपमा निर्वाचन सम्पन्न भयो । मंसिर ७ गते राति २ बजे मुख्य निर्वाचन अधिकृतको कार्यालयले अन्तिम मतपरिणाम सार्वजनिक गऱ्यो । कुल ३,३५६ मतान्तरले आफू विजय भएको घोषणा भएपछि असोज २३ गते उम्मेदवारी दर्तादेखिको थकान सबै मेटिएको अनुभूति भयो । पहिलोपटक नै जनताको अपार माया पाएर निर्वाचित हुँदाको गौरवपूर्ण अनुभव अवर्णनीय रह्यो । सँगसँगै जिम्मेवारी बोधको गहिरो अनुभूति पनि हुनथाल्यो । मंसिर ११ गते निर्वाचित भएको प्रमाणपत्र ग्रहण गरियो ।

प्रतिनिधिसभा सदस्यका रूपमा ०७९ पुस ७ गते शपथग्रहण गरियो । बितेको एक वर्षमा प्रतिनिधिसभामा दुई अधिवेशन भए । कुल ९३ वटा बैठक चल्यो, ८१ वटामा उपस्थित भएँ । शून्य, आकस्मिक, विशेष, सैद्धान्तिक छलफल, राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल र प्रश्नोत्तरसहित विविध विषयमा ३१ वटा सम्बोधन गरेँ । पूर्वाधार विकास समिति सदस्यका रूपमा कुल १५ बैठकमध्ये ९ बैठकमा सक्रिय सहभागी भएँ । समितिले निर्वाह गर्नुपर्ने भूमिका, आएका विषयवस्तुमा गम्भीरतापूर्वक धारणा व्यक्त गरेँ । सभा वा समितिका हरेक बैठकमा मतदातासामु गरिएको प्रतिबद्धतापत्र बोकेरै गएँ । नागरिक र सरकारबीच पुलको काम गर्ने अधिक प्रयास गरेँ ।

पहिलोपटक रोस्ट्रममा उभिएकै दिन पार्टीका तर्फबाट सभामुखका उम्मेदवार माननीय देवराज घिमिरेलाई समर्थन गर्ने मौका मिल्यो । यो अवसरलाई पनि जनतासँग गरेको प्रतिबद्धता राख्न सदुपयोग गरेँ । निर्वाचन क्षेत्रमा पर्ने देशकै प्रमुख तातोपानी नाका पूर्ववत् सुचारु गर्न सरकारको ध्यानाकर्षण गराएँ ।

संसद्मा राष्ट्रिय मुद्दालाई प्राथमिकताका साथ उजागर गर्ने प्रयास गरिरहेँ । युवा बेरोजगारी, रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यता, नेपाल वृद्धवृद्धाको मात्र देश बन्ने खतरालाई तथ्यांकसहित संसद्मा उठाएर युवाको विषयलाई पहिलो प्राथमिकतामा राखेँ । प्रतिनिधिसभाको नियमावलीमा अलिखित तर अभ्यासमा रहेको 'द्यापद्यापे समय'को सट्टा नियमावलीमै उल्लेख गरेर 'आकस्मिक समय' राखौं भनेर संशोधन प्रस्ताव दर्ता गराएँ ।

देशको बजेट कार्यान्वयनमा हरेक वर्ष दोहोरिने एकैखाले समस्या, अन्तिम चौमासिकमा पर्ने चापका सन्दर्भमा क्यालेन्डर बनाएर बजेट कार्यान्वयन गर्न विशेष आग्रह गर्दै ध्यानाकर्षण गराएँ ।

नागरिकसँग गरेका प्रतिबद्धताअनुसार संसद्मा विषय उठान गरेपछि केही सकारात्मक परिणाम पनि देखिएका छन् । ०७२ को भूकम्पपछि बन्दजस्तै रहेको तातोपानी नाका पूर्ववत् सुचारुको विषय मैले प्रमुखता साथ उठाएको थिएँ । सरोकारवालालाई नेतृत्व गर्दै प्रधानमन्त्री, गृहमन्त्री, परराष्ट्रमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाएका पनि थियौं । अन्ततः ०८० भदौ १५ देखि यो नाका पूर्ववत् सुचारु भएको छ । म आफैं नाकामा पुगेर स्थानीयसँग खुसी साटेँ । जनताले स्याबासी दिनुभएको छ । लिपिङ क्षेत्रको बजारीकरण र नाकासम्म पुग्ने सडक स्तरोन्नतिको काम पनि गरिछाड्ने संकल्प लिएको छु ।

लामो समयदेखि बन्द रहेको लामोसाँघुस्थित ओरेन्ट म्याग्नेसाइटको पुनः सञ्चालन वा अन्य व्यवस्थापनको विषय उठान गरेको थिएँ । यसबारे विभिन्न विकल्पमा छलफल जारी छ । निकास निस्केनेमा विश्वस्त छु । गाउँगाउँमा पुग्दा जनताले बाँदर, बँदेल, दुम्सीलगायतका जंगली जनावरले दुःख दिएकाले बालीनाली जोगाउन सहयोग मागेका छन् । यो विषय जस्ताको तस्तै संसद्मा राखेर सरकारको ध्यानाकर्षण गराएको छु । काठमाडौं पूर्वका १३ जिल्लाका लागि काठमाडौंको जडीबुटीमा बनेको बसपार्क प्रयोगको विषय, मेलम्ची बाढी प्रभावितका लागि समयमै सम्बोधन गर्ने विषय पनि संसद्मा उठाएको छु ।

> पहिलोपटक रोस्ट्रममा उभिएकै दिन पार्टीका तर्फबाट सभामुखका उम्मेदवार माननीय देवराज घिमिरेलाई समर्थन गर्ने मौका मिल्यो । यो अवसरलाई पनि जनतासँग गरेको प्रतिबद्धता राख्न सदुपयोग गरेँ । निर्वाचन क्षेत्रमा पर्ने देशकै प्रमुख तातोपानी नाका पूर्ववत् सुचारु गर्न सरकारको ध्यानाकर्षण गराएँ ।

निर्वाचन क्षेत्रअन्तर्गतका स्थानीय तहबीच आपसी समझदारीमा समन्वयकारी संयन्त्रमार्फत काम गर्न प्रोत्साहनको सुरुवात भएको छ । विपत् व्यवस्थापनको विषयलाई प्राथमिकतामा राखेर पहिलो वर्ष कार्यक्रम गरी बजेट व्यवस्थापनमा सहजीकरणको नेतृत्व गरेँ । हरेक वर्ष फरक-फरक क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्ने गरी अघि बढिएको छ । जुगल गाउँपालिकामा रहेको श्री रत्नराज्य माध्यमिक विद्यालय, चनौटेमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा विद्यालय हस्तान्तरण गरियो । विद्यालयलाई आवासीय हुँदै केन्द्रीय विद्यालय बनाउने कार्य अघि बढाइएको छ । निर्वाचन क्षेत्रको शैक्षिक केन्द्र बन्ने गरी काम भइरहेको छ । सिन्धुपाल्चोककै सबैभन्दा विकट मानिएको जुगलको गुम्बामा विद्युतीकरण र मोटरबाटोका लागि नेतृत्वदायी भूमिका रह्यो ।

गाउँपालिकामा जडीबुटी प्रशोधन केन्द्र स्थापनाको काम अगाडि बढाइएको छ । जुगल हिमशृंङ्खलाअन्तर्गतका थप चुचुरा आरोहणका लागि खुला गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्न पाउँदा खुसी लागेको छ । पर्यटकको संख्यामा वृद्धि भएको छ । अरनिको राजमार्गमा पर्ने चर्चित पर्यटकीय क्षेत्र सुकुटेलाई अझ व्यवस्थित बनाउन चौतारा साँगाचोकगढी नगरपालिकासँगको समन्वयमा कार्य अघि बढेको छ । सबैभन्दा सानो उमेरमा सगरमाथा आरोहण गर्ने दिवंगत शम्भु तामाङको सम्झनामा लिसंखुपाखरमा पार्क निर्माण कार्यको थालनी भएको छ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra



अविवाहित जीवन

दीपाश्री निरौला



नेपाली कलाक्षेत्रको चर्चित नाम हो, दीपाश्री निरौला । झन्डै तीन दशकदेखि रेडियो नाटक, टेलिसिरियल, फिल्ममा अभिनय तथा निर्देशनमा सक्रिय छिन्, उनी । उनी अभिनीत टेलिसिरियल 'तितो सत्य' दर्शकमाझ निकै चर्चित बन्यो । उनले निर्माण तथा निर्देशन गरेको चलचित्र 'छक्का पन्जा' लोकप्रिय छ । कलायात्रासँगै अविवाहित जीवनबारे **पवन बराइली**सँग उनले आफ्नो अनुभूति सुनाएकी छिन् :

मसानैदेखि निडर स्वभावकी थिएँ । मेरा केटा साथीहरू धेरै हुन्थे । केटा साथीसँग डन्डिबियो खेल्थें । हापपाइन्ट लगाएर हिड्थें । घरमा बुबाआमाले बोलाउँदा पनि साइँला भनेर बोलाउनुहुन्थ्यो । मलाई घरमा छोराको जस्तै व्यवहार हुन्थ्यो । मेरो सोच पनि त्यसरी नै विकास भयो । सानैदेखि विद्रोही खालकी थिएँ ।

०४७ सालतिरको कुरा हो । निकै सकसपूर्ण समय थियो, हाम्रो परिवारका लागि । म १५ वर्षकी मात्रै थिएँ । त्यसबेला मेरी आमा बिल्नुभयो । आमा बितेपछि घरको जिम्मेवारी मेरो काँधमा आयो । दुईजना दिदीहरूको विवाह भइसकेको थियो । भाइबहिनी सानै थिए । त्यसपछि बिस्तारै बाध्यात्मक परिस्थिति सिर्जना हुँदै गयो । पढ्नलाई खर्चको पनि अभाव हुन थाल्यो । मेरो अघि प्रश्न ठडियो- काम रोज्ने कि पढाइ ? मैले काम रोजें । पैसा नभएकाले बिएको फर्म भर्न सकिनँ ।

केटा हेरेर विवाह गर्न सक्थें । तर, मैले परिवार सम्हाल्नुपर्ने भयो । घरमा विवाहका लागि माग्न पनि आएका थिए । मैले विवाह गरौं भने श्रीमान् कस्तो पर्ला ? मेरा भाइबहिनीलाई कसले हेर्ला ? भिनाजुले घरमा केटा देखाउन ल्याउनुहुन्थ्यो । १५-१६ वर्षको उमेरमै किन विवाह गर्ने ? त्यो वेला परिवारलाई समय दिनुपर्छ भन्ने लाग्यो । त्यसवेला पारिवारिक परिस्थितिले खुम्चिएँ । विराटनगरबाट काठमाडौं आएर कलाकारितामा लागें । करिअरका लागि संघर्ष नै गरिरहनुपऱ्यो । जीवनमा केही गर्नुपर्छ भन्ने हुटहुटी थियो । मलाई एक-दुईवटा फिल्म खेलेर पलायन हुनु थिएन । जीवनमा नयाँ काम गर्छु भन्ने लागिरह्यो । अहिले उमेरले ५० वर्षको हारहारीमा छु । कलाक्षेत्रमा लागेको पनि तीन दशक नाघ्यो । अहिले पनि संघर्ष गरिरहेकी छु ।

अनि टुट्यो पहिलो प्रेम

०४८/४९ सालतिरको कुरा हो । 'अग्निपथ' फिल्म खेलिसकेकी थिएँ । 'अग्निथप'बाट 'बेस्ट न्यु कमर' अवार्ड पाएँ । त्यो अवार्डले मलाई थप ऊर्जा मिल्यो । त्यसपछि कलाकारितामा केही गर्ने आँट आयो । त्यसपछि करिअरमै 'फोकस' हुन थालें ।

'स्कुल लाइफ'मा एकजना केटालाई प्रेम गर्थें । उसले पनि मलाई प्रेम गर्थ्यो । उसैसँग विवाह गर्न चाहन्थें । मैले उसलाई एक-दुई वर्ष पर्खन आग्रह गरेँ । तर, उसले पर्खेन । ऊसँगको विवाह टऱ्यो । त्यसवेला विवाह नहुनु मेरो पनि गल्ती थियो होला । उसले विवाह गरौं भन्दा सायद मैले पनि गर्नुपर्थ्यो होला । उसले मलाई एक-दुई वर्ष पर्खिएको भए विवाह पनि हुन सक्थ्यो । उसको पनि आफ्नै बाध्यता थियो होला । ऊसँग मेरो विवाह हुने भाग्यमै थिएन होला । तर, देखेको होइन लेखेको चाहिँदो रहेछ । पहिलो प्रेम ब्रेकअप भएपछि अरूसँग आकर्षित नहुँदो रहेछ । 'फस्ट लभ' अचम्मै हुँदो रहेछ । त्यसपछि लभ पनि पर्छ र ! जस्तो लाग्यो । आफूले माया गरेको मान्छे आफ्नो नभएपछि अरूसँग विश्वास नलाग्दो रहेछ । त्यसपछि विवाह-विवाह भन्दै नहिँड्ने सोच बनाएँ । कामतिर केन्द्रित हुन थालें ।

अनि ज्योतिषलाई भाग्य हेराएँ...

मैले कलाकारिता क्षेत्रमा स्थापित हुन धेरै संघर्ष गर्नुपऱ्यो । फिल्ममा छिटपुट मात्रै काम गर्न पाइन्थ्यो । कहिलेकाहीं त भाग्यमा छैन भने किन काम गर्ने ? जस्तो पनि लाग्थ्यो । 'मलाई कलाकारिता फाप्छ कि फाप्दैन भनेर ज्योतिषलाई भाग्य हेराएँ । ज्योतिषले 'तिमीलाई शुक्रग्रहले साथ दिएको छ, कलाकारितालाई नै निरन्तरता दिनू,' भन्नुभयो । त्यसपछि कलाकारितालाई नै निरन्तरता दिन थालें । त्यसपछि पनि घरमा विवाहको कुरा उठि नै रहन्थ्यो । मैले ज्योतिषलाई विवाह गर्न ठीक हुन्छ कि हुँदैन भनेर हेराएँ । ज्योतिषले त विवाह नगर्दै भविष्य राम्रो हुन्छ भन्नुभयो । फेरि मेरो पहिलो प्रेम पनि सफल भएन । त्यसपछि मलाई ज्योतिषको विश्वास लाग्यो ।

पछि विवाह गर्ने सोच आउँदा उमेरले ३० काटिसकेको थियो । त्यो वेलासम्म पनि विवाह गर्छु नै भन्ने लाग्थ्यो । विवाहका लागि केटा पनि नआएका होइनन् । बुबाको पनि मेरो विवाह गरिदिने चाहना थियो । घरमा दिदी-बहिनीहरूको विवाह भइसकेको थियो । तर, ३० कटेपछि बिस्तारै विवाह गर्ने सोच हट्दो रहेछ । विवाह नगर्ने मान्छे म मात्रै हुँ र ? जस्तो लाग्दो रहेछ । त्यसपछि फिल्म निर्माणतिर लागें । 'छक्का पञ्जा' निर्देशन गरेपछि दर्शकले मेरो कामलाई भने मन पराइदिनुभयो । विवाहभन्दा पनि काम गरेर मन जित्नुपर्छ भन्ने महसुस भयो । तन, मन र धन नै फिल्मलाई दिन थालें ।

> विवाह गरेको भए सायद यो खालको स्वतन्त्रता पाउने थिइनँ । यो करिअर कल्पना गर्न सक्दिनँ थिएँ । श्रीमान् भएको भए एउटा फिल्म खेलेपछि अर्को फिल्म काममा नगर भन्थ्यो होला । पारिवारिक बन्धनमा परिन्थ्यो होला । छोराछोरी हुर्काउने जिम्मेवारी थपिन्थ्यो होला । कलाकारितालाई अघि बढाउन सक्दिनँ थिएँ होला । अहिले विवाह नगरेरै ठीक गरेछु जस्तो लाग्छ ।

विवाह गरेर मात्रै लाइफ व्यवस्थित हुन्छ भन्ने ग्यारेन्टी छैन । श्रीमान्-श्रीमती पनि सधैं सँगै बस्ने हुँदैन । कामका दौरानमा बाहिर निस्कनैपर्छ । विवाह गरेपछि मन एउटै हुन्छ भन्ने ग्यारेन्टी पनि त हुँदैन । विवाह गर्ने सबै कहाँ खुसी छन् र ? सायद विवाह गरेको भए यो खालको स्वतन्त्रता पाइँदैनथ्यो । यो करिअर कल्पना गर्न सक्दिनँ थिएँ । श्रीमान् भएको भए एउटा फिल्म खेलेर अर्को फिल्ममा काम नगर भन्थ्यो होला । पारिवारिक बन्धनमा परिन्थ्यो होला । छोराछोरी हुर्काउने जिम्मेवारी थपिन्थ्यो होला । मैले कलाकारितालाई अघि बढाउन सक्दिनँ थिएँ होला । अहिले विवाह नगरेरै ठीक गरेछु जस्तो लाग्छ ।

अझै आउँछ प्रेम प्रस्ताव

अहिले पनि मलाई चाहनेहरू छन् । कतिपयले प्रेम प्रस्ताव राख्छन् । कतिले विवाहकै लागि प्रस्ताव गरिरहन्छन् । तर, मलाई विश्वास लाग्दैन ।

कहिले...

पृष्ठ ३ बाट क्रमशः

थियो । फेरि हार व्यहोर्नु नपरोस् भनेर उपेन्द्र स्वयंले तिक्ततालाई तोड्दै महतोलाई फोन गरेका थिए । 'एक दिन एक्कासी उपेन्द्रजीको फोन आयो,' महतो भन्छन्, 'त्यतिवेला बाराबाट हामी दुवै उम्मेदवार बन्ने चर्चा थियो । उहाँले फोन गरेर 'मलाई मद्दत गर्नुस्, म त्यहाँबाट चुनाव लड्छु । तपाईं लड्नुभयो भने मलाई अप्ठ्यारो पर्छ,' भन्नुभयो । जवाफमा मैले भनें, 'अहिलेसम्म निर्णय गरिसकेको छैन, तर मागचाहिं आएको छ ।'

सत्तागठबन्धनमै विद्रोह गरेर महतो चुनाव लड्ने मुडमा थिएनन् । अन्ततः यादव नै सत्तागठबन्धनबाट उम्मेदवार भए । महतो न उम्मेदवार बने, न विरोधमा उत्रिएँ । चुनावी परिणाम आएको राति नै महतोले यादवलाई बधाईको म्यासेज पठाए । 'तर, उहाँले धन्यवादसम्म दिनुभएको छैन,' महतोको चित्त दुखाइ छ, 'हामीबीच खट्टा-मीठा सम्बन्ध छ । उहाँलाई अप्ठ्यारो पर्दा मैले सधैं साथ दिएँ । तर, मलाई कहिल्यै साथ दिएको अनुभव छैन ।'

के भन्छन् उनी निकटहरू ?

सुरुमा यादव र अहिले महतोसँग नजिक रहेर काम गरिरहेका लोसपाका महासचिव केशव झा यादव-महतोबीच मर्यादित सम्बन्ध रहेको बताउँछन् । 'दुईजनाबीच मर्यादित सम्बन्ध छ,' उनी भन्छन्, 'अप्ठ्यारोमा सधैं सँगै हुन्छन् । एक-अर्काबीच सार्वजनिक रूपमा गालीगलौजमा उत्रिएका छैनन् । दुईबीचको टकरावले मधेशले धेरै नोक्सानी व्यहोरिरहेको छ । उहाँहरू एक भएकोभए मधेशको शक्ति यति कमजोर हुँदैनथ्यो ।'

दुवैसँग संगत गरेका जसपाका प्रवक्ता मनीषसुमन यादव-महतो सम्बन्धलाई 'ठीकठीकै' भन्छन् । 'कुनै वेला दुवै मधेश आन्दोलनको नेतृत्वदायी भूमिकामा थिए,' उनको विश्लेषण छ, 'तर, राजेन्द्रजीले अहिले आफैं नेतृत्व लिन छाड्नुभयो, उपेन्द्रजी लगातार नेतृत्वमै हुनुहुन्छ । उपेन्द्रजी विचार र उद्देश्यप्रति प्रस्ट व्यक्तित्व हुनुहुन्छ । राजेन्द्रजी अध्ययनतिर कमजोर, तर भिड जम्मा गर्न सक्ने, उत्तेजक भाषण गर्न सक्ने नेता हुनुहुन्छ । मैले दुवैबीच कहिल्यै खासै कटुता देखिनँ । पारिवारिक भेटघाट र सम्बन्धबारे थाहा छैन तर, दुईबीचको व्यक्तिगत सम्बन्ध भने राम्रै देख्छु ।'



अभिनेत्री मिरुना मगर नेपाली फिल्म क्षेत्रमा रुचाइएको नाम हो । 'लालपुर्जा' बाट अभिनय यात्रा सुरु गरेकी उनले 'रोज', 'साइनो', 'चचहुँई', 'कबड्डी-४','जारी', 'नाङ्गो गाउँ' लगायतका फिल्ममा काम गरिसकेकी छन् । पहिलो पटक क्यामेरा फेस गर्दाको अनुभव मिरुनाले यसरी सम्झिइन् :

साप्ताहिक

१४ पुस (शनिबार) – २० पुस (शुक्रबार)

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

नयाँ जिम्मेवारीका साथ नयाँ कार्य प्रारम्भ हुनेछ । धर्मकर्म तथा समाजसेवामा मन लागिरहनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । साताको मध्यमा कुनै कुराले मनमा शान्ति छाउनेछ । साताको अन्त्यमा लामो समयदेखि रोकिएका कार्यले पूर्णता पाउनेछन् ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सहकर्मीबाट विरोध र कार्य अवरोधले मनमा अशान्ति बढ्नेछ । आर्थिक कारोबारमा विवाद आउनेछ । स्वास्थ्यमा सामान्य समस्या आउन सक्नेछ । बुधबारबाट इच्छा र आकांक्षा पूर्ण हुनेछ । सेयर कारोबारबाट सोचेअनुरूप सफलता मिल्नेछ । खर्च बढ्ने योग रहेको छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

मिश्रित फल मिल्नेछ । आर्थिक झन्झट आइलाग्न सक्छ, तर अन्तिममा कार्य सफलता मिल्नेछ । स्वास्थ्यको क्षेत्रमा पनि प्रतिकूल हुने देखिन्छ । साताको अन्त्यमा धर्म तथा समाजसेवामा मन लाग्नेछ । लामो समयदेखि रोकिएका अधुरा काम पूरा हुनेछन् ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

सवारीसाधन खरिदबिक्रीको योग छ । आर्थिक कारोबारमा सफलता मिल्नेछ । वैदेशिक क्षेत्रसँग सम्बन्धित कार्य अघि बढ्नेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । सेयरको कारोबारबाट सफलता मिल्नेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

रोकिएका काम सुचारु हुनेछन् । शनिबारदेखि निराशा र आलस्यका कारण काम अवरुद्ध हुने योग रहेको छ । आफ्नो विचारविपरीत निर्णय हुन सक्छ । काममा ढिलासुस्ती हुनेछ । साझेदारीको काममा उल्झन आउने र प्रेममा दूरीसमेत आउन सक्छ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको सुरुमा रमाइलो यात्राको योग रहेको छ । आँटेको र सोचेका कार्य पूरा हुनेछन् । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । साताको अन्त्यमा बाटो काट्दा वा यात्रा गर्दा सचेत हुनुपर्नेछ ।



संघर्ष गर्दागर्दै विवाह छुट्यो

कहिलेकाहीं जीवनले अर्को मोड पो लिने हो कि जस्तो पनि लाग्छ। त्यो अवस्था बन्यो भने विवाह पनि हुन सक्ला।

कसैकसैलाई जिस्क्याइ पनि दिन्छु, 'साँच्चै विवाह गर्न लागेको हो कि मेरो चर्चाको पछि लागेको हो ?' ज्योतिषले विवाह गर्दा राम्रो हुँदैन भन्दाभन्दै विवाह गर्ने कुरा पनि भएन। आजको दिनसम्म ज्योतिषको विश्वास गर्दै। तर, भोलि कसैले देखेको हुँदैन। कहिलेकाहीं जीवनले अर्को मोड पो लिने हो कि जस्तो पनि लाग्छ। त्यो अवस्था बन्यो भने विवाह पनि हुन सक्ला। छोराछोरीले मेरो 'लिगेसी' पछ्याउँथे होलान्। यो कल्पना मात्रै हो। कहिलेकाहीं यस्तो सोचाइ आउँदो रहेछ। तर, सबैको भाग्यमा सबै कुरा मिलेको कहाँ पाइन्छ र ! मेरो विवाह भएको भए यो करिअर हुँदैन थियो होला। कहिलेकाहीं लाग्छ, संघर्ष गर्दागर्दै विवाह छुट्यो।

> घरमा विवाहको कुरा उठि नै रहन्थ्यो। मैले ज्योतिषलाई विवाह गर्न ठीक हुन्छ कि हुँदैन भनेर हेराएँ। ज्योतिषले त विवाह नगर्दै भविष्य राम्रो हुन्छ भन्नुभयो।

हो कि जस्तो पनि लाग्छ। त्यो अवस्था बन्यो भने विवाह पनि हुन सक्ला। तर, त्यो भविष्यको कुरा हो। अहिले जीवनसँग एकदम खुसी छु। जीवनमा विवाह मात्रै सबथोक हो जस्तो लाग्दैन।

मेरो फुर्सदको अधिकांश समय घर-परिवारसँग बित्छ। हामी दिदी-बहिनी धेरै छौं। सबैजनाको माया पाएकी छु। दिदी-बहिनीका छोराछोरीले उत्तिकै माया गर्छन्। कोही त विदेशमा पनि छन्, विदेशमा बोलाइराख्छन्। मेरो स्वभावले सबैले माया गर्छन्। आजसम्म मेरो परिवार र आफन्तहरूले एक्लो हुन दिएका छैनन्। कहिलेकहीं बिसन्चो हुँदा दिदीक-बहीनीले केयर गर्छन्।

विवाह सामाजिक प्रक्रिया पनि हो। मैले विवाहको अँध्यारो पाटो मात्रै छ भन्न खोजेको होइन। विवाह गर्ने मान्छे सबै दुःखी छैनन्, सुखी जीवन बिताइरहेका छन्। विवाहले कसैको प्रगति रोकिएको पनि छैन। विवाहपछि धेरैले प्रगति पनि गरेका छन्। तर, श्रीमान्-श्रीमती र छोरा-छोरीसँग हाँसीखुसी बस्न कमैले पाएका हुन्छन्। कहिलेकाहीं सोच्ने गर्छु, यदि मेरो पनि विवाह भएको भए मैले जन्माउने बच्चा पनि मजस्तै हुन्थ्यो होला। मसँग भएको गुण बच्चामा पनि सर्थ्यो होला। मैले गरेको काम मेरो बच्चाले पनि गर्थ्यो होला।



पहिलो पाइला


• मिरुना मगर, अभिनेत्री

पहिलोपटक क्यामेरा फेस गर्दा नर्भस भएँ

मेरो पहिलो डेब्यु फिल्म 'लाल पुर्जा' हो। ठूलो पर्दाका लागि पहिलोपटक क्यामेरा फेस त्यही फिल्ममा गरेँ। पहिलो सिन ककनीमा खिचिएको थियो। फिल्ममा सबै अनुभवि कलाकार हुनुहुन्थ्यो। मेरो पहिलो सिन सौगातदाइ(सौगात मल्ल)सँग थियो। थिएटरबाट आउनु भएको सौगात दाई खारिएको कलाकार हुनुहुन्थ्यो। उहाँलाई पछाडि राखेर मैले बाइक चलाउँनु पर्ने थियो। छोटो संवाद पनि बोल्नु पर्ने थियो। डर लाग्यो, नर्भस पनि भएँ। दुई/तीन टेक लिनु परेको थियो। लामो डाइलग नभएकोले सजिलो भयो। मैले फिल्ममा चान्स पाउँछु भन्ने सोचेको थिइनँ। त्यो सिनपछि ठूलो मौका पाएँ भन्ने फिल भयो। दोस्रो सिनपछि सहज भयो। सौगात दाई लगायत टिमले सहयोग गर्नु भयो। 'लालपुर्जा' मा क्यामेराको अनुभव लिन पाएँ। पहिलो फिल्म भएकोले मेरो लागि चुनौती पनि थियो। राम्रो टिम र को-एक्टर पनि राम्रो हुँदा काम गर्न सहज हुँदो रहेछ।। हुन त मैले ८/९ वर्षको उमेरमै फिल्म 'क्याविन गर्ल'मा बालकलाकार भएर काम गरेकी थिएँ। त्यतिबेला सानै भएकोले केही ज्ञान थिएन। ज्ञान नहुँदा डर पनि नलाग्ने रहेछ। फिल्ममा काम गर्नुअघि म्युजिक भिडियोमा पनि काम गरिसकेकी थिएँ।

मलाई सिक्ने लोभ जहिल्यै हुन्छ। दयाहाङ दाई(दयाहाङ राई) सँग बढी काम गर्ने मौका पाएकी छु। 'कबड्डी ४,' 'जारी', 'नाङ्गो गाउँ'मा उहाँसँगै काम गरेँ। दर्शकले पनि रुचाईदिनु भएको छ। उहाँसँग काम गर्दा एक किसिमको कम्फर्ट हुन्छ। दयाहाङदाईलाई नबुझेका कुराहरू सोधिरहन्छु। म 'लालपुर्जा' फिल्मबाट जन्मिएँ, अहिले बामे सर्दै, लड्दै उठेर हिड्न सिक्दै छु।

राशिफल



सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

राजनीतिक कार्यमा ख्याति कमाउने योग छ। सन्तान सुख मिल्नेछ। व्यापार-व्यवसायमा वृद्धि हुनुका साथै आम्दानीका स्रोत पनि बढ्नेछन्। बुधबारबाट इच्छा र आकांक्षा पूर्ण हुनेछ। आकस्मिक धनलाभ हुनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

यो साता पुनर्मिलनको योग रहेको छ। पार्टी, पिकनिक तथा सेमिनारमा सहभागी भइएला। बन्धुबान्धवबाट सहयोग मिल्नेछ। सेयर बजारले पनि साथ दिनेछ। साताको अन्त्यमा घरायसी झैझमेलाबाट जोगिनुपर्नेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको सुरुवातमा वैदेशिक यात्राको अवसर जुर्नेछ। नयाँ जागिरको थालनी हुनुका साथै शिक्षामा सफलता पनि मिल्नेछ। साताको उत्तरार्द्धमा प्रतिद्वन्द्वीहरूले कार्यमा अवरोध ल्याउन सक्छन्। पुँजी बजारले पनि सोचेअनुसार साथ नदिन सक्छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

घरजग्गाको कारोबारमा सफलता मिल्नेछ। साताको प्रारम्भमा स्वास्थ्यको भने विशेष ख्याल राख्नुपर्ने देखिन्छ। शुभकार्यको चर्चा चलिरहनेछ। रमाइलो यात्राको योग छ। प्रेम जीवन सफल रहनेछ। नयाँ कामको थालनी र व्यापार व्यवसायमा सफलता पाइनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

यो सातामा महिलाहरूबाट विशेष सहयोग मिल्नेछ। वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। विश्वास गरेकाले साथ दिनेछन्। अतिथिको रूपमा सत्कार पाइनेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ। पुँजीबजार या वित्तीय संस्थाबाट राम्रै लाभ मिल्नेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

यो हप्ता कुनै समाचार सुन्नाले मनमा शान्ति छाउला। नसोचेको ठाउँबाट धन आर्जन हुनेछ। वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। प्रेमीको सहयोग पनि पाइनेछ।

सफल व्यवसायी बन्ने १२ सूत्र



बहुचर्चित हात्तीछाप चप्पल र गोल्डस्टार जुत्ता उत्पादन सुरु भएको पाँच दशक भइसकेको छ। अग्रणी स्वदेशी फुटवेयर्स ब्रान्ड गोल्डस्टार जुत्ता देशभित्र लोकप्रिय छँदै भारत, अस्ट्रेलिया, युरोपदेखि साउदीसम्म विभिन्न देशमा पनि निर्यात हुन्छ। ससुरा नुरप्रताप राणाले सुरु गरेको गोल्डस्टारलाई आन्तरिक बजारमा 'नम्बर वान स्वदेशी ब्रान्ड'को ताज कायम राख्दै विश्वभर पुऱ्याउन बुहारी विदुषी राणा अहोरात्र खटिइरहेकी छिन्। कुनै पनि व्यवसाय सफल बनाउन र ब्रान्डलाई स्थापित गर्न कुन-कुन कुरामा ध्यान दिनुपर्छ ? राणाले **नवीन अर्याल**सँग सेयर गरेकी छिन् १२ सूत्रः

• विदुषी राणा, उद्यमी

उद्यम

सूत्र १ ▸ भिजन र मिसन

कुनै पनि व्यवसाय थाल्दा स्पष्ट भिजन र मिसन तय गर्नुपर्छ। तर, यहाँ धेरैले देखासिकीमा व्यवसाय थाल्ने गरेको देखिन्छ। कसैले कुनै क्षेत्रमा राम्रो गरिरहेको देख्यो भने सबै त्यसकै पछि दौडिने चलन छ। यसले सफलताभन्दा असफलता निम्ताउन सक्छ। सबैभन्दा पहिला आफ्नो स्पष्ट दृष्टिकोण बनाउनुहोस्। अनि एउटा मिसन तय गर्नुहोस्, अनि मात्र व्यवसायमा सफलता मिल्छ।

सूत्र २ ▸ बजार र प्रतिस्पर्धी

कुनै पनि उद्यम सुरु गर्नुअघि बजार अध्ययन गर्नुपर्छ। आफ्नो लक्षित ग्राहक र उद्योगको प्रवृत्ति बुझ्न बजारको पूर्ण अनुसन्धान गर्नुहोस्। देशको नीति कस्तो छ ? बजारको अवस्था कस्तो छ ? यदि वस्तु उत्पादन गर्दै हुनुहुन्छ भने आयातीत सामानसँग प्रतिस्पर्धा गर्न सक्नुहुन्छ कि हुँदैन ? हामीले आफ्ना प्रतिस्पर्धी पहिचान गरेर विश्लेषण गर्नुपर्छ। बजारमा जे आवश्यक छ, जहाँ सम्भावना छ, आफ्नो दक्षता र रुचि जहाँ छ, त्यहीं लगानी गर्नुपर्छ। हामीले करोडौं रुपैयाँ लगानी गरी कुनै उद्यम व्यवसाय सुरु गर्दै छौं भने केही रकम बजार अध्ययनमा खर्च गर्नुपर्छ।

सूत्र ३ ▸ गुणस्तरीय वस्तु र सेवा

हात्तीछाप चप्पल र गोल्डस्टार जुत्ता बजारमा आएको पाँच दशक पुगिसक्यो। अहिलेसम्म बजारमा निरन्तर नम्बर वान फुटवेयर ब्रान्डका रूपमा स्थापित छ। हामीले कम्फर्टेबल, ड्युरेबल र अफर्डेबल तीन कुरालाई निकै ध्यान दियौं। त्यसैले सबैभन्दा पहिला आफ्नो प्रोडक्ट राम्रो हुनुपर्छ। प्रोडक्ट राम्रो नभए बजारमा प्रतिस्पर्धा गर्न सकिँदैन। मार्केटिङ र ब्रान्डिङ गर्नु भनेको बाहिरबाट सिँगारपटार गरिदिने हो। तर, जतिसुकै लेप लगाए पनि राम्रो वस्तु परेन भने ग्राहकले अर्कोपटक प्रयोग गर्दैन। सबैभन्दा पहिला प्रोडक्ट राम्रो बनाउनेतर्फ लाग्नुपर्छ। तैपनि, उद्यम व्यवसायमा मार्केटिङ र ब्रान्डिङको अत्यन्तै ठूलो भूमिका हुन्छ। एउटा उखानै छ नि, 'बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन।' तर, लङटर्म व्यवसायका लागि पनि गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन सक्नुपर्छ।

सूत्र ४ ▸ मिहिनेत र आत्मविश्वास

जुनसुकै क्षेत्रमा सफलता पाउन मिहिनेत सबैभन्दा जरुरत छ। मिहिनेतपछि व्यवसायमा निरन्तरता अत्यावश्क छ। कुनै समय नाफा हुन सक्छ, कुनै समय घाटा पनि हुन सक्छ। यस्तो अवस्थामा भोलिलाई सोचेर मिहिनेत गर्दै व्यवसायलाई निरन्तरता दिनेहरू मात्र सफल हुन्छन्। गोल्डस्टारको पाँच दशक लामो यात्रा र सफलता यसैको राज हो। उतारचढाव त हामीले पनि धेरै झेल्नुपऱ्यो। अर्को विषय व्यवसाय गर्नका लागि पूर्ण आत्मविश्वास बोकेर आउनुपर्छ। हरेस खानुहुँदैन। आत्मविश्वास नहुनेले व्यवसायमा मात्र होइन, कतै पनि सफलता पाउँदैन। म जति लडे पनि उठेर फेरि दौडिन्छु भन्ने हुनुपर्छ।

सूत्र ५ ▸ लगनशीलता र धैर्यता

व्यवसायमा लगनशीलता र धैर्यता भनै आवश्यकता छ। स्वअनुशासित पनि हुनुपर्छ। हामीसँग लगनशीलता, धैर्यता र निरन्तरताको अलि कमी छ। कुनै पनि व्यवसायमा आजको भोलि नै फाइदा हुन्छ भन्ने हुँदैन। रातारात धनी बन्ने सपना बुनेर व्यवसायमा छिर्नु हुँदैन। लाभका लागि धैर्यता पनि राख्न सक्नुपर्छ। आफ्नो कामलाई भगवान् सम्झेर लगनशील भई काम गर्नुपर्छ। हरेस त खानु भएन। यसैमा मेरो भविष्य राम्रो छ भन्ने अठोट हुनुपर्छ। पछिल्लो समय युवापुस्तामा 'यहाँ फलानो बिजनेस गरौं, यदि चलेन भने बन्द गरेर विदेश जाउँला' भन्ने सोच देखिन्छ। सुरुमै हरेस खाएपछि कसरी सफल भइन्छ ?

सूत्र ६ ▸ नेतृत्व र रणनीति

व्यवसायमा सफलता पाउन प्रभावकारी नेतृत्व हुनुपर्छ। व्यवसायका हरेक विङ्समा बलियो नेतृत्व विकास गर्नुपर्छ। कर्मचारीको क्षमता र दक्षता विकासका लागि तालिम दिन सकिन्छ। कर्मचारीमा सकारात्मक र उत्पादकमूलक संस्कृति विकास गरिनुपर्छ। स्पष्ट लक्ष्य र रणनीतिहरूका साथ व्यापार योजना बनाउन सक्नुपर्छ। बजारको अवस्थाअनुसार तुरुन्त रणनीतिक योजना बनाउन सक्ने हुनुपर्छ। बजारको मुडमेन्ट कता छ ? उपभोक्ताले के चाहिरहेका छन् ? भन्ने पहिचान गरी तुरुन्तै रणनीतिक योजना बनाएर कार्यान्वयन गर्न सक्नेहरूले चाँडै सफलता प्राप्त गर्न सक्छन्।

सूत्र ७ ▸ लगानी र कर्जा

कुनै पनि व्यवसाय सुरु गर्दा पुँजी लगानीमा धेरै ध्यान दिनुपर्छ। सबैभन्दा पहिला आफूले सुरु गर्न लागेको उद्यम व्यवसायमा कति लगानी गर्ने भनेर योजना बनाउनुपर्छ। एकैचोटि ठूलो लगानी गर्छु भनेर हुँदैन। सानो लगानीबाट व्यवसाय सुरु गर्दा दिगोपन हुन्छ। बैंकबाट आफ्नो क्षमताभन्दा बढी कर्जा लिनुहुँदैन। कर्जा लिएपछि तिर्नु पनि पर्छ भन्ने भुल्नु हुँदैन। सरकारले कतिपय क्षेत्रमा सहुलियतपूर्ण कर्जा दिइरहेको हुन्छ, त्यो जानकारी राख्नुपर्छ। कर्जामा अनुशासित हुनुपर्छ, दुरुपयोग गर्नुहुँदैन।

सूत्र ८ ▸ स्टार्टअप र अवसर

अहिले नेपालमा पनि स्टार्टअप फस्टाउँदै छ। युवाले नयाँ बिजनेस आइडियामा धेरै काम गरिरहेको देखिन्छ। सरकारले पनि प्रोत्साहन गर्नुपर्छ। आइटी सेक्टरमा साँच्चिकै क्रान्ति आउँदै छ। सन् २०२२ मा नेपालबाट ६७ अर्बभन्दा बढीको आइटी सेवा निर्यात भएको अध्ययनले नै देखाएको छ। यो क्षेत्रमा अवसर धेरै छ। हामीले सही मौका क्यास गरेर अगाडि बढ्न सक्नुपर्छ। यो क्षेत्रमा लगानी पनि धेरै चाहिँदैन। फेरि स्टार्टअप संसारभर फैलिँदै छ। युवालाई भन्छु, केही नयाँ गर्नुस्। एउटाले रेस्टुरेन्ट खोल्यो भने सबैले खोल्ने होइन। थोरै लगानीबाट सुरु गरौं। एकैपटक ठूलो लगानी गरेर रिस्क नमोलौं।

सूत्र ९ ▸ प्यासन र दक्षता

आफ्नो रुचि, दक्षता र सीपअनुसारको काम थाल्दा चाँडै सफल भइन्छ। आफूलाई रुचि र जानकारी नभएको ठाउँमा हात हाल्दा सोच्नुपर्छ। आफ्नो प्यासन केमा छ, त्यही काम सुरु गरौं। प्यासन नभएको काममा १०० प्रतिशत एफोर्ड दिन सकिँदैन। यस्तै, कुनै उद्यम व्यवसाय सुरु गर्दा परिवारमा पर्याप्त छलफल गरौं। किनभने, परिवारको सपोर्टविना सफल हुन सकिँदैन।

सूत्र १० ▸ अनुभव र सफलता

कुनै पनि काम सुरु गर्नुभन्दा पहिला त्यसबारे अनुभव हासिल गर्नु सबैभन्दा राम्रो हुन्छ। पहिला अनुभव लिएर काम सुरु गर्दा सफलता मिल्छ। काम सिकिन्छ। कम्पनी कसरी चलाउने भन्ने थाहा हुन्छ। मार्केट थाहा हुन्छ। सम्भावना थाहा हुन्छ। त्यो भयो भने कन्फिडेन्स पनि आउँछ। त्यसैले काम थाल्नुभन्दा पहिला अनुभव हासिल गरौं।

सूत्र ११ ▸ ठूलो काम, सानो काम

नेपालीहरू बाहिर गएर जस्तो काम गर्न पनि तयार हुन्छन्, तर स्वदेशमा कामलाई सानो-ठूलो भनेर हेला गर्छन्। यो बिल्कुल गलत हो। कुनै पनि काम सानो-ठूलो हुँदैन। जहाँ राम्रो हुन्छ, जहाँ सम्भावना छ, जुन क्षेत्रमा आफ्नो ज्ञान छ, त्यही काम गर्ने हो। यो सानो ठूलोको सोच हटाउन सक्नुपर्छ।

सूत्र १२ ▸ इनोभेसन एन्ड सक्सेस

आजको दुनियाँमा इनोभेसन अत्यन्तै जरुरी छ। पुरानै ढर्राबाट काम गर्नेहरू पछाडि पर्न थालिसकेका छन्। आइटी सेक्टरमा मात्र होइन, वस्तु उत्पादनमा पनि इनोभेसन अत्यन्तै जरुरी हुन्छ। इनोभेसनले वस्तु तथा सेवाको गुणस्तर त सुधिन्छ नै, सँगै लागत पनि घट्छ। अहिलेको प्रतिस्पर्धी बजारमा इनोभेसन गर्न नसक्नेहरू अगाडि बढ्न सक्दैनन्। जसले नयाँपन पछ्याउँदै अगाडि बढ्छ, उसैले सफलताको शिखर चुम्ने हो।

सभामुखसँगको टकरावमा मेरो गल्ती छैन



स्पष्टीकरण

• गणेश तिमिल्सिना, राष्ट्रिय सभा अध्यक्ष

गणेश तिमिल्सिना एमाले गण्डकी प्रदेशको सहसंयोजक हुँदै गर्दा ०७४ माघमा भएको राष्ट्रिय सभा सदस्य निर्वाचनमा निर्वाचित भए। संविधान निर्माणपछिको पहिलो राष्ट्रिय सभामा गोला प्रथाबाट पहिलो चरणमा २, ४ र ६ वर्ष कार्यकाल तय गरियो। गोलाप्रथामार्फत तिमिल्सिना ६ वर्षे कार्यकालका लागि चुनिए। एमाले-माओवादी गठबन्धनको सरकार रहेकाले मन्त्री बन्ने उनको योजना थियो। राष्ट्रिय सभाको नेतृत्व लिनेबारे उनको कुनै सोच थिएन। तर, गठबन्धनको भागबन्डामा सभामुख माओवादीले लिँदा राष्ट्रिय सभा अध्यक्ष एमालेको भागमा पऱ्यो। राष्ट्रिय सभामा निर्वाचित एमालेका सदस्यमध्ये तिमिल्सिना पार्टीको वरीयतामा वरिष्ठ सदस्य थिए। यही तर्कसहित उनलाई अध्यक्ष बन्नुपर्ने सुझाव शुभचिन्तकबाट आयो। 'सिनियर छु, एमालेको भागमा परेपछि पहल त गर्नुपऱ्यो भन्ने लाग्यो। पार्टीभित्रै पनि नेताहरूबाट पहल भयो। पार्टी अध्यक्ष र वरिष्ठ नेताहरूलाई भेटेर कुरा राखे। पार्टीले निर्णय गऱ्यो, म अध्यक्ष हुने परिस्थिति बन्यो,' तिमिल्सिना सम्झिन्छन्।

अध्यक्ष भएपछि उनले संसद्को इतिहास अध्ययन गर्न थाले। ०४८ पछिका प्रतिनिधिसभा र संविधानसभाको दुई कार्यकालको अध्ययन गरे। अध्ययन गर्दा उनलाई समयमा बैठक सुरु नहुने विषय खड्कियो। 'समयको परिपालनामा चुकिरहेको एकदमै देखेँ,' उनी भन्छन्, 'सभामा दलका नेताहरू, मुख्य सचेतकहरू, समिति सभापतिहरू र मन्त्रीहरूको सहयोगमा यसलाई कार्यान्वयन गर्न सकियो।' तिमिल्सिनाले समयमा सभा सञ्चालन गर्ने कार्यलाई आफ्नो कार्यकालको सफलता मानेका छन्। हाजिरीमा देखिएको विकृतिलाई पनि अन्त्य गर्न उनले कदम चाले। तिमिल्सिना विधेयकको प्रक्रियालाई समयमै टुंग्याउन तदारुकताका साथ लागेको पनि उल्लेख गर्छन्। 'विधेयकहरू समयमा नै छलफलमा लाने, टुंगो लगाउन ध्यान दिएँ। विधेयक नअल्झियोस् भन्नेमा सचेत रहेँ,' उनी भन्छन्।

संसद् सचिवालयलाई व्यवस्थित गर्ने काममा पनि आफूले भूमिका खेलेको अध्यक्ष तिमिल्सिनाको भनाइ छ। अध्यक्ष तिमिल्सिनाको कार्यकालमा भएको अर्को काम हो, दस्ताबेजीकरण। 'पुराना इतिहास मेटिँदै जाने खतरा भएपछि दस्ताबेजीकरणमा सचिवालय सक्रिय भयो। हाम्रा रेकर्ड कागजमा मात्र होइन, डिजिटल माध्यममा सुरक्षित गर्ने र त्यस माध्यमबाट सहजै प्राप्त गर्ने दिशातिर काम भएको छ,' उनले भने।

समितिका बैठक नियमित गर्न जोड दिने, विभिन्न समयमा कार्यक्षेत्र विवादले देखिएको दोहोरोपनामा सभापतिसँग बसेर सहजीकरण गर्ने, संयुक्त बैठकसमेत राखेको स्मरण गर्दै अध्यक्ष तिमिल्सिनाले अहिले त्यहीअनुसार काम भइरहेको दाबी गरे। राष्ट्रिय सभा सदस्यबाट एकैपटक अध्यक्ष बन्दा तिमिल्सिनालाई सभा सञ्चालनमा केही असहजता पनि भयो। सुरुवाती चरणमा तिमिल्सिनालाई सभा व्यवस्थित गर्न कठिनाइ भयो। आफूमाथि प्रश्न उठाउँदा उनी प्रतिवादमा उत्रेका थिए, जुन पदीय हिसाबले अस्वाभाविक थियो। सभा सञ्चालनमा भएको यो चुक तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि हेरिरहेका थिए। 'एकदिनको भेटमा उहाँले माननीयहरू त्यसरी बोले पनि अध्यक्ष बोलिहाल्नुपर्ने हुँदैन। पछि बताउने हो भन्नुभयो। मैले पनि महसुस गरेँ,' उनी भन्छन्, 'त्यसपछि अहिलेसम्म त्यस्तो केही पारेको छैन।'

राष्ट्रिय सभाको चिनारी नै प्रबुद्ध समूहको थलोका रूपमा रहँदा त्यसअनुरूप अध्यक्ष तिमिल्सिनाले सभालाई अध्ययन अनुसन्धानमा पनि केन्द्रित गरे। भन्छन्, 'प्रदेश र स्थानीय तहका जनप्रतिनिधिले चुनेकाले राष्ट्रिय सभाले संघीयतासँग प्रत्यक्ष जोडिएका कानुनको अध्ययन गऱ्यो। संघीयतालाई बलियो बनाउने गरी सरकारलाई सुझाव दियौं।'

अध्यक्ष तिमिल्सिना आफ्नो कार्यकालमा मुख्यतः दुइटा विषय कार्यान्वयन गर्न नसकेको बताउँछन्। पहिलो प्रश्नोत्तर। दोस्रो क्यालेन्डर बनाएर संसद् चलाउने योजना। 'यो कुरा मैले मात्र चाहेर हुने होइन। दुइटा सभा र सरकारको पनि सहयोग चाहिन्छ। किनकि हाउस बोलाउने र विधेयक ल्याउने सरकार नै हो। त्यसैले प्रधानमन्त्री यो कुरामा सकारात्मक भइदिनुपर्छ,' उनी भन्छन्, 'यो कुरा गर्न पाए हुन्थ्यो भन्दाभन्दै पनि सकिएन।' यी दुई काम हुँदा सांसदका लागि पनि सहज हुने तिमिल्सिनाको भनाइ छ।

राष्ट्रिय सभामा 'राइट म्यान, राइट प्लेस' भएन

हरेक प्रदेशबाट समावेशी प्रतिनिधित्व, त्यसमा पनि आरक्षण प्रणालीले राष्ट्रिय सभामा अपेक्षित रूपमा विज्ञ आउन नसकेको अनुभव गरेका अध्यक्ष तिमिल्सिना दलहरूले पनि कार्यकर्तालाई नै पठाउने गरेकाले प्रबुद्ध सभा भन्ने सैद्धान्तिक अवधारणासँग मेल खान नसकेको स्विकार्छन्। 'दलीय प्रणालीमा कार्यकर्तालाई पार्टीमा लामो समय काम गरेको भनेर जिम्मेवारी दिने गरिएको छ। क्षमता मात्रै हेरेर गरिएको छैन। जबकि अभ्यासमा गर्नुपर्ने हो, कुन मान्छे कहाँ फिट हुन्छ ? तर, राइट म्यान, राइट प्लेस भइसकेको छैन। त्यसैले सोचेअनुसारको परिणाम आउन सकेको छैन,' उनले भने।

नमीठो घटना

अध्यक्ष तिमिल्सिनाको कार्यकालमा राष्ट्रिय सभाको गरिमामा आँच आउने गरी एउटा घटना भयो। जसलाई अध्यक्ष तिमिल्सिना नमिठो भन्छन्। २८ असार ०८० को बैठकमा विधेयक एउटा, छलफल अर्कै विषयमा भएको थियो। विद्युतीय व्यापार (इ-कमर्स) विधेयकमा सांसदहरूले विद्युत् व्यापार (हाइड्रो)बारे छलफल गरेका थिए। विधेयक प्रस्तुत गरेका उद्योगमन्त्रीले समेत विद्युत् व्यापारबारे जवाफ दिएपछि अध्यक्ष तिमिल्सिनाले विद्युत् होइन, विद्युतीय हो भनेर ध्यानाकर्षण गराएका थिए। 'मेरो कार्यकालभरिमा यो नमिठो घटना हो भन्ने अनुभूत गरेको छु,' उनी भन्छन्, 'सुरुमा बोल्ने वक्ताले विद्युत्लाई कतै विधेयकसँग जोड्न खोजेको होला भन्ने ठान्दा समय सकियो। दोस्रोले सच्याउलान् भन्ने लागेको थियो, त्यो भएन। विधेयक प्रस्तुतकर्ता मन्त्रीजीले पनि विद्युत् विधेयककै बारेमा भन्नुभयो। त्यसपछि अन्तिममा मैले यो विद्युत् विधेयक होइन, विद्युतीय हो भनेर ध्यानाकर्षण गराएँ। यो मेरो करिअरको अपवाद नै भयो।'

प्रतिनिधिसभासँग गुनासो

आफ्नो कार्यकालमा राष्ट्रिय सभाले सर्वसम्मत पारित गरेका पाँचवटा विधेयक प्रतिनिधिसभाले शून्य बनाइदिएकोमा तिमिल्सिनाको असन्तुष्टि छ। 'हामीले धेरै मिहिनेत गरेर सर्वसम्मत पारित गरेर पठाएका महत्त्वपूर्ण विधेयक प्रतिनिधिसभाले शून्य बनाइदिँदा राष्ट्रको लगानी खेर गएको छ,' उनी भन्छन्, 'सरकारले आवश्यक भएपै ल्याएको कानुन निर्माणमा ध्यान नपुग्दा कसरी सुशासन होला ? भविष्यमा यस्तो नहोस्।' राष्ट्रिय सभामा आएका विधेयक ६० दिनभित्र निर्णय नभएमा सीधै पारित भएको मानिने तर प्रतिनिधिसभामा अनन्तकालसम्म रहने विभेद संविधानमै राखिएकोमा असन्तुष्टि जनाउँदै तिमिल्सिना यसलाई समान बनाउन प्रतिनिधिसभाको पनि सीमा ९० दिन नियमावलीमा राख्न आग्रह गरेका थिए। तर, उनको सुझाव कार्यान्वयन भएको छैन।

आरोप र प्रतिवाद

६ वर्षे कार्यकालमा अध्यक्ष तिमिल्सिना केही विवाद र प्रश्नको घेरामा समेत रहे। खासगरी संसद् विघटनको कदममा साथ, त्यसवेला भएको संवैधानिक नियुक्तिमा सहभागी, जिल्ला भ्रमण र विदेश भ्रमण मोहको प्रश्न, भान्से र चालकको पारिश्रमिक पनि आफैं बुझेको भन्ने विवादमा उनी परेका छन्। ६ वर्षे कार्यकालको समीक्षा गर्ने क्रममा अध्यक्ष तिमिल्सिनाले यी विवाद र प्रश्नमा स्पष्ट पारेका छन्।

एमालेको अनुकूलतामा काम गरेको आरोपमा अध्यक्ष तिमिल्सिनाले आफू एमालेबाट निर्वाचित भए पनि सभा सञ्चालनमा सबैको भएर काम गरेको दाबी गरे। 'एमालेबाट आएँ, भोलि पनि एमालेमै जाने हो। तर, हाउस चलाउँदा एमाले भएर हाउसमा आउने सदस्यलाई कुन पार्टीबाट आयो भनेर विभेद गरेको छैन। अन्यथा कसैले मलाई जता नि एमाले अनुहार देखिरहेको छ भने मेरो भन्नु केही छैन,' उनी भन्छन्।

सभामुखसँग टकरावबारे

सभामुख अग्नि सापकोटासँग अध्यक्ष तिमिल्सिनाको टकरावले संसद् सञ्चालनमा नै असर परेको थियो। लामो समय संसद् सचिवालयको काम कारबाही नै ठप्प भयो। त्यतिखेर सभामुख सापकोटाले अध्यक्ष तिमिल्सिनाले असहयोग गरेको आरोप लगाएका थिए। यसमा तिमिल्सिना भन्छन्, 'उहाँले गलत गरेकाले प्रतिवाद गरेको हुँ।' यसमा उनी उमेर नपुगेको व्यक्तिका कामु महासचिव बनाएको कुरालाई जोड्छन्। 'त्यतिवेला महासचिवले राजीनामा दिइसकेपछि अध्यक्षको परामर्शमा सभामुखले काम गर्नेमा मसँग सल्लाह नगरी काम दिनुभयो। अर्को उमेर नपुगेकोलाई दिनुभयो। मसँग सल्लाह नगरीकन उमेर नपुगेकोलाई हुँदैन भनेको हुँ। उहाँसँगको टकरावमा मेरो गल्ती छैन,' उनी भन्छन्, 'प्रक्रियाको पक्षमा उभिँदा म एमाले भएँ कि उहाँ माओवादी हुनुभयो ? कि मैले असहयोग गरेको भयो ? त्यस्तो आरोप लगाउनेलाई म के भनूँ। पछि त मैले भनेअनुसार नै महासचिव नियुक्त भयो।'

संवैधानिक नियुक्तिमा विवाद

संवैधानिक परिषद्को बैठकमा सहभागी भएर गरिएको नियुक्ति प्रकरणमा पनि अध्यक्ष तिमिल्सिना विवादमा परे। यहाँनेर पनि उनलाई पदीय मर्यादाभन्दा पार्टीप्रति बफादारी भएको आरोप लाग्यो। यति मात्रै होइन, सहभागी भएबापत संवैधानिक नियुक्तिमा भाग लिएको आरोपसमेत आयो। यो निर्णयविरुद्ध तत्कालीन सभामुख सापकोटा अध्यक्ष तिमिल्सिनालाई समेत विपक्षी बनाएर सर्वोच्च अदालतमा मुद्दा लिएर पुगे। तिमिल्सिनाको कार्यकाल सकिन लाग्दा पनि मुद्दा विचाराधीन छ।

यसमा अध्यक्ष तिमिल्सिना भन्छन्, 'संवैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री हुन्छ। राष्ट्रिय सभा अध्यक्ष वा सभामुख सदस्य हुन्छ। अध्यक्षले बोलाएको बैठकमा सदस्य जानु कसरी अवैध हुन्छ ? बरु प्रधानमन्त्रीले बोलाएको बैठकमा सभामुख नजानु पार्टीको मुख हेरेको हुन सक्छ। म केपी ओली एमाले अध्यक्ष भनेर होइन, प्रधानमन्त्रीले बोलाएको बैठकमा गएको हुँ। बैठकमा जानु बेठीक कि नजानु बेठीक ? आफूमाथि आएको हिलो अरूमाथि छ्यापेर आफू सफा हुन कोही नखोजे हुन्छ। ठीक-बेठीक छुट्याउने अदालत छ। विघटन गर्दा पनि सभामुखको पद कायम थियो, अनि बैठकमै नजाने हुन्छ ? कसैको निर्देशनमा त्यहाँ निर्णय हुन नदिने, एकातिर आफू अनुपस्थित भएर निर्णय हुन नदिने अर्कोतिर निर्णय गर्नसकेन भनेर कुप्रचार गर्ने, यो कस्तो नियत के हो ? नियुक्तिमा चित्त नबुझे बैठकमै नोट अफ डिसेन्ट गर्ने, चित्त बुझे साइन गर्ने हो।'

> सभामुख अग्नि सापकोटासँग अध्यक्ष तिमिल्सिनाको टकरावले संसद् सञ्चालनमा नै असर परेको थियो। लामो समय संसद् सचिवालयको काम-कारबाही नै ठप्प भयो। त्यतिखेर सभामुख सापकोटाले अध्यक्ष तिमिल्सिनालाई असहयोग गरेको आरोप लगाएका थिए।

भ्रमणमा प्रश्न

संसद्का पदाधिकारीमध्ये अध्यक्ष तिमिल्सिना सबैभन्दा बढी भ्रमण गर्नेमा पर्छन्। देशभित्र जिल्ला भ्रमणदेखि देशबाहिर पनि उनको बाक्लो भ्रमण हुने गर्छ। युक्रेनसँग युद्ध चलिरहेकै अवस्थामा तिमिल्सिनाको रुस भ्रमणले राजनीतिक वृत्तमा तरंग नै ल्यायो। संसद् सचिवालयभित्र तिमिल्सिनाको जिल्ला र वैदेशिक भ्रमण खर्च पनि चर्चाको विषय बन्ने गरेको छ। तर, अध्यक्ष तिमिल्सिना भने यसलाई अनावश्यक उछालिएको बताउँछन्। 'कतिपटक विदेश जाने, जाँदै नजाने हो कि, देशमा कहाँ जाने सबै सोध्नुपर्ने ?' उनी प्रश्न गर्छन्, 'म जिल्ला वा विदेश जाँदा कुन सभा र सचिवालय सञ्चालनमा नोक्सानी भयो देखाउनुपऱ्यो। देशभित्रै विभिन्न कार्यक्रममा बोलाएपछि जाँदा के बेठीक भयो ?

म गएर रोकिएको विकास कार्यले गति लिएका पनि छन्।' यसमा वर्षौंदेखि अलपत्र बर्दघाट सुस्ता पश्चिम जोड्ने झोलुंगे पुल निर्माण र बिजुलीको समस्या समाधान भएको उदाहरण उनले दिए। विदेश भ्रमणको सवालमा अध्यक्ष तिमिल्सिना एउटै देशभित्रको भ्रमणलाई धेरै देखाएर दुष्प्रचार भएको जिकिर गर्छन्। 'एउटै देशको दुई ठाउँको नाम राखेर भनेको छ। तिब्बत भ्रमण जाँदा बेइजिङ र सांघाई पनि गएको हो। एउटै भ्रमणलाई धेरै देखाउन तिब्बत गएको अनि चीन गएको भनेर भनियो,' उनको गुनासो छ। अर्कोतिर सबै ठाउँमा राष्ट्रको पैसा खर्च गरेर नगएको उनको स्पष्टीकरण छ।

कार्यालय सहयोगी र चालकको पारिश्रमिक पनि आफैंले बुझेको विषयमा अध्यक्ष तिमिल्सिनाले व्यावहारिक पक्षबाट सहयोग गरेको तर आफूलाई नकारात्मक चित्रण गर्दा अहिलेसम्म आलोचना खेपिरहेको दुखेसो पोखे। 'हामी निर्वाचित भएर आउँदा स्वकीय सचिव, कार्यालय सहयोगी, चालकलगायतको तलब सांसदकै खातामा आउँथ्यो। सबैको आउँदा पैसा धेरै देखिने र कर पनि धेरै काटिने भयो। मैले कार्यालय सहयोगीलाई कति कर कटाएर दिने ? तर, मैले उनीहरूको कर पनि आफ्नैमा राखेर जति हो त्यति दिन्थेँ,' उनले भने, 'मिडियामा आइसकेपछि उनीहरूकै खातामा जम्मा गर्ने कुरा भयो। अधिकांश सदस्यको खाता खोलेर पठाइयो। तर, मेरो कार्यालय सहयोगीको नागरिकता थिएन। श्रीमान्ले नागरिकता नबनाइदिएको रहेछ। एकजना चालकलाई खाता खोल भन्दा मलाई यो झन्झट लाग्छ, पैसा दिए हुन्छ भन्यो, मैले सामान्य रूपमै लिएँ। उसको कर मैले तिरिदिएको थिएँ, क्यास लैजान्थे, भएको यति हो। मिडियाले लेख्दा यो किन गर्नुभयो भनेर सोधेको भए यो पक्ष आउँथ्यो। तर, त्यो नगरीकन, मेरो तस्बिर राखेर कार्यालय सहयोगी र चालकको सुविधा लियो भनेर आयो। त्यो प्रत्येक वर्ष फेरि सामाजिक सञ्जालमा उत्खनन गरेर आउँछ। यसरी बदनाम गर्ने काम भयो।'

फेरि राजनीतिमै


अध्यक्ष तिमिल्सिना २० फागुनमा कार्यकाल सकिएपछि पुनः राजनीतिमा फर्किने योजनामा छन्। 'यसअघिका सबै सभामुख र अध्यक्ष राजनीतिमा फर्किएका छन्। त्यसैले राजनीतिमा सक्रिय हुन मलाई कुनै छेकबार छैन। अब पार्टी र नेतृत्वले कसरी जिम्मेवारी दिन्छ भन्ने हो,' उनले भने।

• कमलराज भट्ट

भाषा



मिसेल गज्जोला



अंग्रेजीका धाराप्रवाह वक्ताका फाइदा सुस्पष्ट छन्, तर अरूले त्यसको ठूलो मूल्य चुकाउनुपर्छ। यहाँ भाषिक न्यायलाई बढावा दिने केही तरिका प्रस्तुत गरिएका छन्।

संसारमा अझै छ, अंग्रेजीको शासन

आफ्नो क्रिसमस छुट्टी युरोपको मुख्य भूमिमा बिताउने जोकोहीले त्यहाँका पसल र होटेलहरूमा अंग्रेजीमा कुराकानी गर्न र यस भाषामा लेखिएका मेन्यु र संकेतहरू पढ्न सक्ने कर्मचारीहरू भेटिनु सामान्य भएको अनुभव गर्छन् नै। यो तथ्यलाई आश्चर्यका रूपमा पनि लिइनुहुँदैन। न त यो कुनै भवितव्य वा आकस्मिक परिघटना नै हो। युरोपमा अंग्रेजी भाषा-कौशलको फैलावट मुख्यतया उसका शैक्षिक नीतिहरूको परिणाम हो। युरोपले दशकौंदेखि सार्वजनिक विद्यालयमा अंग्रेजीको पठनपाठनलाई गहन रूपमा बढावा दिइरहेको छ।

यसका कारण विविध, तर ज्ञात छन्। संस्कृतिको एउटा प्रमुख भाषा हो अंग्रेजी। र, यो चिनियाँ र स्पेनिसपछि मातृभाषाको रूपमा विश्वमा तेस्रो सबैभन्दा बढी बोलिने भाषा पनि हो। मातृभाषाका रूपमा अंग्रेजी बोल्नेहरूको संख्या लगभग ३७ करोड ३० लाख (विश्वको जनसंख्याको लगभग पाँच प्रतिशत) छ र यो जनसंख्या मूलतः औद्योगिकीकरण भएका लोकतान्त्रिक मुलुकहरू (अस्ट्रेलिया, क्यानडा, आयरल्यान्ड, न्युजिल्यान्ड, बेलायत र संयुक्त राज्य अमेरिका)मा बसोवास गर्छ। विश्वको कुल (नोमिनल) जिडिपीमा यिनको हिस्सेदारी करिब ३३ प्रतिशत छ। यस औपनिवेशिक विरासतको परिणामस्वरूप अंग्रेजी विश्वका धेरै देशमा मुख्यतया अफ्रिकाको आधिकारिक वा सहआधिकारिक भाषा भएको छ।

यसर्थ, अंग्रेजीको सञ्चारमूल्य उच्च छ। त्यसैले यो सिक्ने रुचि पनि उच्च छ। धेरै मानिसले अंग्रेजीलाई दोस्रो वा विदेशी भाषाको रूपमा प्रयोग गर्छन्। सटीक अनुमान लगाउनु जोखिमपूर्ण होला, तर नेटिभ (अंग्रेजी मातृभाषा भएका) र गैरनेटिभभाषी मिलाउँदा विश्वमा अंग्रेजी बोल्नेहरूको संख्या एकदेखि साढे एक अर्बको हाराहारीमा छ। यो विश्वको कुल जनसंख्याको १२ देखि १९ प्रतिशत हुन आउँछ। तथापि, यी सबैको भाषिक प्रवीणतास्तर समान भने छैन। प्रमुख अन्तर्राष्ट्रिय भाषाको रूपमा अंग्रेजीको उदयलाई धेरैले पर्याप्त व्यावहारिक फाइदा भएको र कुनै बेफाइदा नभएको एक सकारात्मक परिघटनाको रूपमा हेर्छन्। तर, यसले समस्याहरू पनि खडा गर्दोरहेछ भन्ने कुरा अहिले बिस्तारै बुझ्न र अध्ययन गर्न थालिएको छ।

निष्पक्षता वा 'भाषिक न्याय'को चुनौती सबभन्दा महत्वपूर्ण हो। साझा भाषा भनेको टेलिफोन नेटवर्कजस्तै हो। जति धेरै मानिसले भाषा जान्दछन्, सञ्चारका लागि यो त्यति नै उपयोगी हुन्छ। व्यक्तिगत रूपमा भाषाको यो नेटवर्कमा पहुँच प्राप्त गर्न निकै फरक-फरक लागत चुकाउनुपर्ने हुन्छ। त्यसैले यसलाई प्रयोग गर्दा प्रयोगकर्ताहरू असमानतामा हुन्छन्। यसर्थ, निष्पक्षताको प्रश्न खडा हुन्छ। द्वितीय भाषाको रूपमा अंग्रेजी सिक्नेहरूले पनि त्यसको मूल्य चुकाउनुपर्छ, जब कि यसका मातृभाषीहरूले नेटवर्कका सबै सदस्यसँग कुनै मूल्य चुकाएविना नै सञ्चार गर्न पाउँछन्। यो भनेको उनीहरूले नयाँ मोडेलको उन्नत स्मार्टफोन र असीमित डाटासहितको सिमकार्ड निःशुल्क पाएजस्तै हो।

युनिभर्सिटी अफ जेनेभाका फ्रान्कोइज ग्रिनका अनुसार पश्चिमा युरोपेली देशहरूले आफ्नो शिक्षा-बजेटको पाँचदेखि १५ प्रतिशत विदेशी भाषा शिक्षणमा खर्च गर्छन्। इयूमा यी स्रोतको अधिकांश हिस्सा एउटै भाषा अर्थात् अंग्रेजीको शिक्षणमा जान्छ। आयरल्यान्डलाई एउटा अपवादका रूपमा लिने हो भने इयूका अन्य सबै सदस्य राष्ट्रका स्कुलमा अंग्रेजीलाई विदेशी भाषाको रूपमा सामान्यतया अनिवार्य विषयको रूपमा पठनपाठन गराइन्छ। युरोपियन कमिसनले प्रकाशित गरेको तथ्यांकअनुसार (युरोपका) प्राथमिक विद्यालयका ८४ प्रतिशत, निम्नमाध्यमिक विद्यालयका ९८ प्रतिशत र उच्च माध्यमिकका ८८ प्रतिशत विद्यार्थीले अंग्रेजी पढ्छन्। माध्यमिक तहमा अन्य भाषा (विशेषगरी फ्रेन्च, जर्मन वा स्पेनिस) अध्ययन गर्नेहरूको प्रतिशत योभन्दा निकै कम औसतमा २० देखि ३० प्रतिशत हाराहारीमा छ।

यसको ठीकविपरीत अंग्रेजी भाषा बोल्ने देशहरूमा युवा पुस्ताले अन्य भाषा सिक्नुपर्ने आवश्यकता खासै महसुस गर्दैनन्। त्यसैले ती मुलुकमा विदेशी भाषाको पढाइ लामो समयदेखि कम हुँदै गएको छ। त्यसको सट्टा उनीहरू अन्य विषयमा ध्यान दिन्छन्। यो प्रवृत्तिले अंग्रेजीभाषी देशका शिक्षा प्रणालीको पर्याप्त स्रोतसाधन बचत गराएको छ, जुन बचतलाई उनीहरूले अन्य उत्पादक सार्वजनिक लगानीहरूमा विनियोजन गर्न पाउँछन्।

दोस्रो प्रकारको असमानता साझा भाषाको अनुप्रयोगसँग सम्बन्धित छ। अधिकांश व्यावसायिक सवालमा, व्यक्तिले आफ्नो मातृभाषा प्रयोग गर्न पाउँदा नै ऊ अधिक किफायती र प्रभावकारी हुन्छ। यो असमानता मापन गर्न कठिन त छ, तर असम्भव भने छैन। वैज्ञानिक अनुसन्धानमा अन्तर्राष्ट्रिय जर्नलहरूमा प्रकाशन गर्न र अनुसन्धान कोश प्राप्त गर्न अक्सर अंग्रेजी आवश्यक पर्छ।

युनिभर्सिटी अफ क्विन्सल्यान्डका तत्सुया अमानो नेतृत्वको एउटा टोलीले हालै वातावरण विज्ञानका नौ सय अनुसन्धानकर्तामाथि गरेको एउटा अध्ययन प्रकाशित गरेको छ। सो अध्ययनले मूल भाषाका रूपमा अंग्रेजी भाषा नबोल्ने अनुसन्धाताहरूलाई मूल भाषाका रूपमा अंग्रेजी बोल्ने अनुसन्धाताहरूको तुलनामा अंग्रेजीका प्रकाशन पढ्न, लेख्न वा समीक्षा गर्न दोब्बर समय लाग्ने देखाएको छ। गैरअंग्रेजीभाषीहरूले प्रकाशनका लागि अनुसन्धानपत्रहरू पठाउँदा भाषागत कारण उनीहरूको काम अस्वीकृत हुने सम्भावना अंग्रेजीभाषीको तुलनामा लगभग साढे दुई गुणा बढी हुन्छ। उनीहरूले भाषा सम्बन्धित संशोधनहरू गर्नुपर्ने सम्भावना साढे १२ गुणा बढी हुन्छ। यसर्थ, समान वा अधिक प्राविधिक दक्षता हुँदासमेत उनीहरूले कम अवसरहरू पाउने सम्भावना रहन्छ।

समाधान खोज्नुभन्दा समस्याको पहिचान गर्न पक्कै पनि सजिलो हुन्छ। विशेषगरी विश्वव्यापी मुद्दाहरूको सवालमा यही हुन्छ। तथापि, क्षतिपूर्तिका केही उपाय यस विश्वव्यापी भाषिक अन्यायलाई घटाउन मदतगार हुन सक्छन्।

युनिभर्सिटी अफ लुभेनका फिलिप भान पारिजसले अलिकति आवेशमा अंग्रेजी बोल्ने देशहरूमा भाषिक कर लगाउने र अन्य देशहरूमा अंग्रेजी पढाउने खर्चको क्षतिपूर्ति गर्ने प्रस्ताव गरेका छन्। यो प्रस्ताव बहुसंख्यक जनसंख्याले मातृभाषाको रूपमा अंग्रेजी बोल्ने देशहरूमा विश्वव्यापी भाषिक कर लगाउने र विदेशी भाषाको रूपमा विद्यालयहरूमा अंग्रेजी पढाउने देशहरूलाई त्यो कर राजस्व दिने प्रस्ताव हो।

हुन त, अप्रत्यक्ष क्षतिपूर्तिका अन्य स्वरूपहरूमाथि पनि विचार गर्न सकिन्छ। उदाहरणका लागि, औद्योगिक सम्पत्ति अधिकारहरूलाई आंशिक रूपमा खुकुलो बनाउने जस्तो कि पेटेन्ट अधिकारहरू। पेटेन्टको कानुनी संरक्षणको अधिकतम अवधि २० वर्ष हुन्छ। अंग्रेजी बोल्ने देशमा आधारित व्यवसायहरूले गैरअंग्रेजीभाषी देशमा पेटेन्ट दर्ता गर्दा यो अवधिलाई केही वर्ष कम बनाउन सकिन्छ। यसको अर्थ, यी पेटेन्टहरूलाई अंग्रेजीभाषी देशमा दर्ता पेटेन्टहरूभन्दा छिटो इजाजतपत्रविना नै व्यावसायिक रूपमा उपयोग गर्न पाइनेछ। विश्व बौद्धिक सम्पत्ति संगठन (डब्लुआइपिओ)ले यस दिशामा नियमहरू सुधारलाई बढावा दिन सक्छ।

अन्य उपायमा प्रकाशकले वैज्ञानिक खोजका प्रकाशनहरूमा मेसिन अनुवाद तथा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को व्यापक प्रयोगको लागत व्यहोर्नेलगायत हुन सक्छन्। यसैगरी, शिक्षामा लैंगिक समानतालाई बढावा दिने नीतिहरूको उदाहरणलाई अनुशरण गर्दै अन्तर्राष्ट्रिय परियोजनाहरूमा अनुसन्धान वृत्तिका लागि क्राइटेरिया तय गर्दा बहुभाषी अनुसन्धानकर्तालाई पुरस्कृत गर्ने गरी मापदण्डहरू डिजाइन गर्न सकिन्छ।

निःसन्देह, भाषिक न्यायको समस्या अंग्रेजीमा मात्रै सीमित छैन। विश्वव्यापी सञ्चारको प्रमुख भाषा स्पेनिस वा फ्रेन्च (तर एस्पेरान्तोजस्ता तटस्थ भाषा होइन) हुन्थे भने पनि यही समस्या उत्पन्न हुने थियो। तर, अहिलेका लागि अंग्रेजी नै प्रमुख र वर्चस्वशाली अन्तर्राष्ट्रिय भाषा हो। थ्रुप्रैका लागि यो एउटा वरदान हो, तर के हामीले ती मानिसबारे चाहिँ सोच्नुपर्दैन जसका लागि यो एउटा चिन्ताको विषय हो ?

*(उल्स्टर विश्वविद्यालय, बेलफास्टमा सार्वजनिक नीति तथा प्रशासनकी अध्यापक मिचेल गज्जोला 'ल्याङ्वेज प्रब्लम्स एन्ड ल्याङ्वेज प्लानिङ' नामक जर्नलकी सम्पादक हुन्। यो आलेख 'द गार्जियन'बाट **नारायण शिवाकोटी**ले अनुवाद गरेका हुन्।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १४ पुस ०८०

प्रधानमन्त्रीसँगको छलफलपछि महसुल विवाद समाधान हुनेमा उद्योगी आशावादी

प्रधानमन्त्रीले उद्योगीसँग भने- विद्युत् प्रयोग गरेको भए बक्यौता तिर्नुपर्छ, नभए पर्दैन



डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता नतिरेको भन्दै नेपाल विद्युत् प्राधिकरणले नौ उद्योगको लाइन काटेपछि शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर ध्यानाकर्षण गराउँदै उद्योगी ।

● **राजेश अग्रवाल**, अध्यक्ष, नेपाल उद्योग परिसंघ



प्रधानमन्त्रीज्यूले उद्योगले प्रयोग गरेको बिजुलीको मात्रै पैसा तिर्नुपर्ने भन्नुभएको छ । विद्युत् प्रयोग नगरेको भए पैसा तिर्नुनपर्ने धारणा पनि राख्नुभएको छ । हामीले पनि यही मोडेलमा अघि बढ्नुपर्छ भन्दै आएका थियौं । अब कुनै निकास निस्केला भन्ने आशा छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल विवादलाई मध्यमार्गी ढंगबाट समाधान गर्नुपर्ने पक्षमा देखिएका छन् । नेपाल विद्युत् प्राधिकरणले बक्यौता नतिर्ने उद्योगमा लाइन काट्न सुरु गरेको एक सातापछि शुक्रबार उद्योगीहरूसँग भएको भेटवार्तामा प्रधानमन्त्रीले मध्यमार्गी ढंगबाट समाधान खोज्नुपर्ने आशय व्यक्त गरेका हुन् । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघका पदाधिकारीसहित लाइन काटिएका उद्योगका सञ्चालकहरूले प्रधानमन्त्रीलाई भेटेका थिए ।

प्रधानमन्त्री दाहालले मध्यमार्गी बाटोबाट विवाद समाधान गर्नुपर्ने आशय व्यक्त गरेपछि पेचिलो बन्दै गएको विद्युत् बक्यौता विवाद समाधान हुनेमा उद्योगीहरू आशावादी बनेका छन् । निजी क्षेत्रका संगठन र उद्योगीहरू आफैं विद्युत् महसुल विवादलाई मध्यमार्गी बाटोबाट समाधान गर्नुपर्ने पक्षमा छन् । प्रधानमन्त्रीसँगको भेटवार्तापछि उद्योगीहरू मध्यमार्गी बाटोबाट विवाद समाधान हुने र उद्योगमा काटिएको लाइन पनि जडान हुनेमा आशावादी बनेका छन् ।

देशले चर्को लोडसेडिङ खेपिरहेका वेला उद्योगहरूले ६५ प्रतिशत प्रिमियम शुल्कमा डेडिकेटेड फिडर र ट्रंक लाइनबाट २४ घण्टासम्म विद्युत् प्रयोग गरेको प्राधिकरणको भनाइ छ । सो सुविधा उपभोग गरेका ५९ उद्योगले बक्यौता नतिरेको भन्दै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गत शुक्रबारदेखि उद्योगमा लाइन काट्न थालेका छन् । हालसम्म प्राधिकरणले नौ उद्योगको लाइन काटिसकेको छ ।

भेटवार्तामा प्रधानमन्त्री दाहालले उपभोग गरेको बिजुलीको महसुल प्रिमियमसहित तिर्नुपर्ने बताए । यदि उद्योगले विद्युत् प्रयोग नगरेको भए बिजुलीको महसुल तिर्नुनपर्ने आश्वासन प्रधानमन्त्रीले दिएको भेटवार्तामा सहभागी नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले बताए । प्रधानमन्त्रीले छिट्टै सम्बन्धित निकायसँग छलफल गरेर उचित निकास निकाल्ने प्रतिबद्धता जाहेर गरेका छन् । 'एक-दुई दिनमै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोगलगायत सरोकारवाला निकायसँग छलफल गरेर निकास निकाल्ने पक्षमा प्रधानमन्त्री देखिनुभएको छ,' भेटवार्तामा सहभागी उद्योगीहरूले भने ।

प्रधानमन्त्री दाहालले विद्युत् प्रयोग अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता उद्योगीले तिर्नैपर्ने बताए । ०७२ साउनदेखि ०७२ पुस र ०७५ जेठदेखि ०७७ जेठसम्म गरेर दुई अवधिको बक्यौताबारे भने छलफल गरेर निकास निकाल्ने उनको भनाइ छ । आफूहरू पनि जतिसक्दो चाँडो यो विवाद समाधान गर्ने पक्षमा रहेको भेटवार्तामा सहभागी परिसंघका अध्यक्ष अग्रवालले बताए ।

प्राधिकरणले ०७२ साउनदेखि उद्योगहरूमा डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली दिन सुरु गरे पनि ०७२ पुसमा मात्रै तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले प्रिमियम शुल्क अनुमोदन गरेको थियो । ०७५ वैशाखमा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल दर खारेज नभएको भन्दै उद्योगीहरूलाई प्रिमियमसहितको बिल पठाएको थियो । आयोगले अनुमोदन गरेको भन्दा अघि र लोडसेडिङ अन्त्य भएपछिको बक्यौता नतिर्ने उद्योगीहरूको अडान छ । यदि प्रमाण भएको अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता रकम भने तिर्ने उद्योगीले बताउँदै आएका छन् ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

भेटवार्तामा प्रधानमन्त्री दाहालले बाध्य भएर उद्योगको लाइन काट्नुपरेको बताएका थिए । 'लामो समय प्रयास गर्दा पनि यो विवाद समाधान हुने देखिएको थिएन । विवाद समाधान गर्नकै लागि लाइन काटेका हौं,' छलफलमा प्रधानमन्त्रीले भने, 'अब के-कसरी अघि बढ्ने भन्ने विषयमा विद्युत् प्राधिकरणसँग छलफल गरेर थप निर्णय लिन्छौं ।' प्रधानमन्त्रीले कसैलाई पनि मर्का नहुने गरी समाधान निकाल्ने बताएका छन् ।

भेटवार्तामा उद्योगीहरूले कानुनी व्यवस्थाअनुरूप विवाद समाधान गर्न आग्रह गरेका थिए । उद्योगीहरूले टिओडी मिटरको विवरण सार्वजनिक गर्न माग गर्दै आएका छन् । विनाप्रमाण बक्यौता रहेको वा महसुल भुक्तान नगरेको भन्दै उद्योगहरूमा काटिएको बिजुलीको लाइन तत्काल जडान गर्न परिसंघले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ ।

परिसंघ अध्यक्ष राजेशकुमार अग्रवालले प्राधिकरणले जारी गर्ने नियमित बिजकअनुसारको महसुल उद्योगीहरूले भुक्तान गरिरहेको र प्राधिकरणले समयमै बिल भुक्तानीबापत उपलब्ध गराउने इन्सेन्टिभसमेत लिइरहेको प्रधानमन्त्रीलाई जानकारी गराए । 'उद्योगहरूले भुक्तानी नगरेको भनिएको रकम डेडिकेटेड फिडर वा ट्रंक लाइनबापतको प्रिमियम शुल्क मात्रै हो । उद्योगले सो विशेष सुविधा उपभोग गरेको प्रमाणित गरेमा सबै उद्योगीहरूले तिर्नुपर्छ,' अग्रवालले प्रधानमन्त्रीलाई भने, 'यो विषय धेरैअघिदेखि विवादित छ, कतिपय उद्योगहरू अदालतमा गएका छन् । तर, अँझै टुंगो लाग्न सकेको छैन । यसलाई छलफल गरेर टुंगोमा पुऱ्याउनुपर्छ ।'

अहिले न्यून क्षमतामा सञ्चालनमा रहेका उत्पादनमूलक, निर्यातजन्य उद्योगहरूको विद्युत् काटिँदा समग्र अर्थतन्त्रमा नकारात्मक असर पुग्ने र राष्ट्रको छविमा समेत नकारात्मक असर गर्ने औंल्याउँदै अध्यक्ष अग्रवालले प्रधानमन्त्रीकै पहलमा उचित निकास निकाल्न आग्रह गरे ।

प्रधानमन्त्रीको अभिव्यक्तिपछि उद्योगीहरू आशावादी र सकारात्मक देखिएका छन् । 'प्रधानमन्त्रीज्यूले उद्योगले प्रयोग भएको बिजुलीको मात्रै पैसा तिर्नुपर्ने भन्नुभएको छ,' अध्यक्ष अग्रवालले भने, 'हामीले पनि यही मोडेलमा अघि बढ्नुपर्छ भन्दै आएका थियौं । अब कुनै निकास निस्केला ।'

उद्योगी विष्णु न्यौपानेले पनि प्रधानमन्त्रीसँगको भेटवार्तापछि केही आशा पलाएको बताए । 'हामी देशकै ठूलो निकायमा गएका छौं, हाम्रो अभिभावक भनेकै प्रधानमन्त्री हो, उहाँले एउटा समिति बनाएर थप अध्ययन गरी सम्बन्धित निकायसँग छलफल गरेर छिट्टै निकास दिन्छु भन्नुभएको छ,' उनले भने, 'लाइन जोड्ने विषयमा पनि प्राधिकरणसँग छलफल गरेर पुनर्विचार गर्छु भन्नुभएको छ । यसले हामीलाई केही आशा दिएको छ ।'

सिमेन्टमा भएको मूल्यवृद्धि खारेज गर्न माग

नयाँ पत्रिका

स्वतःस्फूर्त रूपमा हुनुपर्ने मूल्यवृद्धिलाई बेवास्ता गरी खुला बजार अर्थतन्त्रको सिद्धान्तविपरीत कार्टेलिङ गरी हालै बजारमा सिमेन्टको भाउ बढाइएकोप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको नेपाल निर्माण व्यवसायी महासंघले जनाएको छ । अव्यावहारिक एवं अवैज्ञानिक ढंगले सिमेन्ट उद्योगीहरूले कार्टेलिङ गरी हालै प्रतिबोरा एक सय मूल्यवृद्धि गरिनु कानुनविपरीतको दण्डनीय अपराध भएको महासंघका महासचिव रोशन दाहालले बताए ।

महासंघले बुधबार विज्ञप्ति नै जारी गरेर यो कानुनविपरीत भएको जनाएको छ । 'विगतमा पनि कार्टेलिङ गरी पटक-पटक भएका यस किसिमका मूल्यवृद्धिका कारण अन्ततः पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायलाई नै ठूलो आर्थिक बोझ थपिएको विदितै छ,' महासंघको विज्ञप्तिमा लेखिएको छ ।

म्याद थपमा देखिएको जटिलतासँगै हाल निर्माण व्यवसायीको अर्बौं भुक्तानी नहुँदा निर्माण उद्योग नै धराशायी भएको स्थितिमा सिमेन्टमा भएको मूल्यवृद्धि अविलम्ब खारेज गरी आमउपभोक्तालाई राहत दिन महासंघले पुनः नेपाल सरकारका सम्बन्धित निकायसमक्ष जोडदार माग गरेको छ ।

चिनी र चामल आयातका लागि व्यवसायीलाई आह्वान

काठमाडौं/ भारतले निर्यात प्रतिबन्धका बाबजुद कोटामा चिनी र चामल निर्यात गर्ने जनाएपछि सरकारले भारतबाट आयात गर्न इच्छुक व्यवसायीलाई आवेदन दिन आह्वान गरेको छ ।

चिनी आयातका लागि ५ पुस र चामल आयातका लागि ८ पुसमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले एक सूचना जारी गरेको हो । भारतले सुरुमा १८ जेठदेखि १४ कात्तिकसम्मका लागि चिनी निर्यातमा प्रतिबन्ध लगाएको थियो । भारतमै उत्पादन कम भएको र मूल्य नियन्त्रण गर्नुपर्ने भन्दै लगाइएको निर्यात प्रतिबन्धको समय थप एक वर्ष लम्ब्याएको छ ।

त्यस्तै, ४ साउनबाट लागू हुने गरी चामल निर्यातमा पनि भारतले प्रतिबन्ध लगाएको थियो । तर, त्यतिखेर खाद्य संकट नै सिर्जना हुन सक्ने मुलुकबाट अनुरोध भए निश्चित परिमाण कोटामा उपलब्ध गराउन सक्ने जानकारी दिएको थियो । भारतसँगको कूटनीतिक पहलपछि २५ हजार टन चिनी आयातका लागि स्वीकृत भइसकेको छ ।

तर, यसरी आयात हुने चिनी खुद्रा बजारका लागि नभई बिस्कुट, पेप्सी, कोकाकोला, चकलेटलगायतका उद्योगका लागि मात्रै रहेको छ । उद्योग मन्त्रालयले जारी गरेको सूचनामा भारतको नेसनल को-अपरेटिभ एक्सपर्ट लिमिटेडबाट चिनी आयातको प्रबन्ध मिलाइएको छ । कोटा प्रणालीमा आउन लागेको चिनी एउटा उद्योगले कम्तीमा २६ सय टनको माग गर्नुपर्ने सूचनामा उल्लेख छ ।

उद्योगले चिनी अभावमा तयारी वस्तु उत्पादन गर्न कठिनाइ भोगेको बताएपछि सरकारी पहलमा भारतबाट २५ हजार टन आयातको व्यवस्था मिलाइएको हो । अहिले उखु क्रसिङ सुरु भइसकेकाले स्वदेशी चिनी पनि चाँडै बजारमा आउनेछ । यद्यपि, स्वदेशी उत्पादनले वर्षभरको माग धान्न नसक्ने भएकाले आयात गर्नुपर्ने बाध्यता छ ।

मन्त्रालयले ८ पुसमा एक सूचना जारी गर्दै भारतबाट चामल आयात गर्न इच्छुक व्यवसायीलाई सहजीकरण गरिदिने उल्लेख छ । भारतले गत १ कात्तिकमा चामल निर्यातमा लगाएको प्रतिबन्ध आंशिक फुकुवा गर्ने भन्दै नेपाललाई ९५ हजार टन आयातको स्वीकृति दिएको सूचना जारी गरेको थियो । नेपाली बजारमा बासमती र मसिनो चामल भारतबाट आयात हुने गरे पनि कोटामा भने मोटा चामल निर्यातको अनुमति खुला गरिएको छ ।

एक उद्योगले बढीमा पाँच हजार टनसम्म चामल आयात गर्न पाउने सूचनामा उल्लेख छ ।

गहुँको समर्थन मूल्य तोकियो

काठमाडौं/ बिहीबारको मन्त्रिपरिषद् बैठकले गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६ सय ५० रुपैयाँ निर्धारण गर्ने निर्णय गरेको छ । गत वर्ष फागुनमा समर्थन मूल्य निर्धारण गरेको सरकारले यो वर्ष भने तुलनात्मक रूपमा छिटो, तर बाली लगाइसकेपछि मूल्य निर्धारण गरेको छ । सरकारले यसपटक निर्धारण गरेको गहुँको मूल्य गत वर्षको भन्दा प्रतिक्विन्टल दुई सय ९९ रुपैयाँ बढी हो ।

सरकारले निर्धारण गरेको मूल्यमा भने किसानले गहुँ बिक्री गर्न पाएका छैनन् । खरिद गर्ने सरकारी निकाय नभएको र व्यवसायीले सस्तोमा उठाउने भएकाले किसानले न्यूनतम समर्थन मूल्य पाउने गरेका छैनन् ।



कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन सी.सी. बैंक लि.) शाखा डडेल्धुराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० पुस २९ गते आइतबार**का दिन शाखा कार्यालय डडेल्धुरामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीहरुको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, डडेल्धुरामा मिति २०७५/०६/०५ मा प्रा.फा.र.नं. ५४/१४७८/०७५ /०७६ कायम भई दर्ता रहेको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **एल. जे. मार्केटिङ्ग** ।

साझेदारहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. राधे नाथको नाति , गोपाल नाथको छोरा, कविता नाथको पति, कञ्चनपुर जिल्ला, शुक्लाफटा न.पा. वडा नं. ११, (साबिक कञ्चनपुर जिल्ला, झलारी गा.वि.स. वडा नं. ०९), स्थायी ठेगाना भई बस्ने, हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५, बस्ने **महेन्द्र नाथ** (ना.प्र.नं.७५१००५/२४१, जारी मिति २०६५/०१/३१, जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर) ।
२. बिरबल जोगीको नाति , श्री राम जोगीको छोरा, मिरा देवी चौधरीको पति कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ११, (साबिक कैलाली जिल्ला, पहलमानपुर गा.वि.स. वडा नं. ०५) स्थायी ठेगाना भई बस्ने, हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ११, बस्ने **लाल बहादुर जोगी** (ना.प्र.नं. ६७१०२८/६०४१, जारी मिति २०६५/०८/१७, जिल्ला प्रशासन कार्यालय, कैलाली) ।
३. डल्लु जोगीको बुहारी , बिरबल जोगीको छोरी, श्री राम जोगीको पत्नी, कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ११, (साबिक कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ११), स्थायी ठेगाना भई बस्ने, हाल कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ११, बस्ने **सौधरनी देवी जोगी** (ना.प्र.नं.४४०२६, जारी मिति २०५८/०३/०५, जिल्ला प्रशासन कार्यालय, कैलाली) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **सौधरनी देवी जोगी**को नाममा मालपोत कार्यालय, कैलाली दर्ता कायम रहेको कैलाली जिल्ला, घोडाघोडी न.पा. वडा नं. ११, (साबिक कैलाली जिल्ला, पहलमानपुर गा.वि.स. वडा नं. ०५) स्थित कित्ता नं. ३९३, को १५३८५.५५ व.मि. जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. धनी कुमारी बैंक लि. (साबिक एन सी.सी. बैंक लि.) र ऋणी **एल.जे. मार्केटिङ्ग** कायम भई सुदुर पश्चिम, यातायात व्यवस्था कार्यालय, धनगढी दर्ता रहेको चेसिस नं. MA1ZC4TBKL1M66277 इन्जिन नं. TBL1M31644 र सवारी नं. Su.Pa. Pra 04-001 Cha 0049 को Mahendra Bolero थान १ ।

२. ऋणीको विवरण :

दिवाकर अवस्थी/बेलु देवी अवस्थीको नातिनि, उद्धव राज अवस्थी/नन्दा देवी अवस्थीको छोरी, करुणाकर भट्ट/कलु देवी भट्टको बुहारी, काशी राम भट्टको पत्नी, डडेल्धुरा जिल्ला, अजयमेरु गा.पा., वडा नं. १, (साबिक समैजि गा.वि.स. वडा नं. १) बस्ने **भुवनेश्वरी भट्ट** (ना.प्र.नं.७४१०२१/१०, जारी मिति २०६४/०२/१५, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

व्यक्तिगत जमानीकर्ताको विवरण :

१. दामोदर भट्ट/कलावति देवी भट्टको नाति, करुणाकर भट्ट/कलु देवी भट्टको छोरा, भुवनेश्वरी भट्टको पति, डडेल्धुरा जिल्ला, अजयमेरु गा.पा., वडा नं. १, (साबिक समैजि गा.वि.स. वडा नं. १) बस्ने **काशी राम भट्ट** (ना.प्र.नं. ७४१०२१/९, जारी मिति २०६४/०२/१५, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **भुवनेश्वरी भट्ट**को नाममा मालपोत कार्यालय, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, झलारी गा.वि.स वडा नं. ०४ को स्थित कित्ता नं. १७६१ को क्षेत्रफल ५०७.९५ (व.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. ऋणीको विवरण :

सकराम सिंह भण्डारी/देवा देवी भण्डारीको नाति, खडक सिंह भण्डारी/भागरती देवी भण्डारीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं ०७ बस्ने **राम बहादुर भण्डारी** (ना.प्र.नं. ७४-०१-७०-०१७७१, जारी मिति २०७०/०९/२४, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. सकराम सिंह भण्डारी/देवा देवी भण्डारीको नाति, खडक सिंह भण्डारी/भागरती देवी भण्डारीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं ०७ बस्ने **तेज बहादुर भण्डारी** (ना.प्र.नं. ७४-०१-७३-०३४९७, जारी मिति २०७३/११/२२, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा) ।
२. प्रताप सिंह भण्डारी/पार्वती देवी भण्डारीको नाति, सकराम सिंह भण्डारी/देवा देवी भण्डारीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं ०७ बस्ने **खडक सिंह भण्डारी** (ना.प्र.नं. २२३/१३९९, जारी मिति २०४६/०२/१७, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा)

लिलाम हुने सम्पत्तिको विवरण:

१. **खडक सिंह भण्डारी**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं ०७ (साबिक पोखरा गा.वि.स. वडा नं. ५) स्थित कित्ता नं. ३४१, ३६५, ४०७, ४२७ र ४३६ को क्षेत्रफल क्रमशः ०-८-०-३, ०-११-१-१, ०-८-२-०, ०-१०-२-३ र ०-१३-०-३ (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० पुस २८ गते** भित्र बैंकको शाखा कार्यालय डडेल्धुरामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय डडेल्धुराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० पुस २९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय डडेल्धुरामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय डडेल्धुरामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० पुस २९ गते आइतबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय डडेल्धुरा फोन नं. ०९-४२०४२३/२४

धरापमा सन्दीपको क्रिकेट करिअर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका लेग स्पिनर सन्दीप लामिछाने नेतृत्वको पर्सा-११ ले वीरगन्जमा चलिरहेको प्रो लिग च्याम्पियन टी-२० क्रिकेट प्रतियोगिताको फाइनल स्थान सुरक्षित गर्‍यो। तर, अब फाइनलमा सन्दीपले नेपाल पुलिस क्लबविरुद्ध खेल्ने वा नखेल्ने भन्ने द्विविधामा छ। शुक्रबारै जिल्ला अदालत काठमाडौंले बालिका बलात्कारको आरोप लागेका सन्दीपलाई दोषी ठहर गरेको छ। उनलाई सातदेखि १० वर्ष कैद सजाय हुन सक्छ।

अदालतको फैसलापछि सन्दीपको करिअर लगभग समाप्त हुने देखिन्छ। जेलबाहिर रहेर उच्च अदालतमा मुद्दा लड्ने विकल्प रहे पनि खेलमैदानमा उनलाई उत्रिन सहज वातावरण छैन। अदालतमा मुद्दा चलिरहँदा नैतिकताका आधारमा उनको टोलीमा फर्किने बाटो असहज देखिन्छ। अन्तर्राष्ट्रिय खेल जगत्मा गम्भीर मुद्दा खेपिरहेको समयमा स्वयं खेलाडीले नैतिकताका आधारमा टोलीबाट बाहिर रहने निर्णय गरेका धेरै उदाहरण छन्। उच्च र सर्वोच्च अदालतबाट समेत उनीविरुद्ध नै फैसला आए उनको क्रिकेट करिअर समाप्त नै हुनेछ। यस्तो परिस्थितिमा क्रिकेटको सर्वोच्च निकाय नेपाल क्रिकेट संघले पनि उनलाई निलम्बन गर्नेछ।

> जिल्ला अदालत काठमाडौंले बालिका बलात्कारको आरोपमा दोषी ठहर गरेपछि राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेको आगामी यात्रा धरापमा

पछिल्लो समयमा अदालतमा धरौटी राखी बाहिर रही सन्दीपले घरेलु तथा अन्तर्राष्ट्रिय क्रिकेटमा उत्कृष्ट प्रदर्शन गर्दै आइरहेका थिए। यो एक वर्षभित्र नेपालले खेलेका अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा उनी मुख्य स्पिनरका रूपमा रहे। नेपालले दोस्रोपटक आइसिसी टी-२० विश्वकप क्रिकेट, एसिया कपमा र एकदिवसीय विश्वकपको अन्तिम छनोट प्रतियोगितामा स्थान सुरक्षित गर्दा सन्दीपको योगदान उत्कृष्ट रहेको थियो।

सन्दीप छोटो समयमै अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइजमा स्थापित नेपाली क्रिकेटरमा पर्छन्। विश्वकै चर्चित लिग इन्डियन प्रिमियर लिग (आइपिएल) खेल्ने उनी एक मात्र नेपाली खेलाडी हुन्। यसपटकको अक्सनमा उनी परेनन्। भारत, अस्ट्रेलिया, युएई र क्यारेबियन खेल्दै उनले निकै छोटो समयमै करोडौँ कमाउन सफल भए। क्रिकेट खेलेरै करोडपति हुने उनी एक मात्र खेलाडी हुन्।

जर्नी अफ विश्वकपबाट यात्रा

चितवन क्रिकेट एकेडेमीमा नेपालका पूर्वकप्तान राजु खड्काको प्रशिक्षणमा सन्दीपले क्रिकेटको प्रशिक्षण पहिलोपटक लिएका थिए। उनले अरूभन्दा फरक किसिमले बल फ्याँक्थे। त्यही समयमा नेपाली राष्ट्रिय टोलीका तत्कालीन प्रशिक्षक पुबुदु दासानायके ट्यालेन्ट हन्ट कार्यक्रमअन्तर्गत चितवन पुगेका थिए। दासानायकेले सन्दीपको बलिङ शैली हेर्दै तत्कालै काठमाडौं बोलाएर राष्ट्रिय टोलीको क्याम्पमा राखे। नेपाल सन् २०१९ को एकदिवसीय विश्वकप छनोटको तयारीमा थियो। विश्वकप छनोटका लागि 'जर्नी अफ विश्वकप' नाम राखी प्रतियोगिता नै आयोजना भएको थियो। सन्दीप एकैपटक टोलीमा परे। आफ्नै क्षमतामा उनले नेपाली राष्ट्रिय टोलीको कप्तानी जिम्मेवारीसमेत पाए।

आइपिएलबाट विश्वले चिन्यो

सन् २०१६ को आइसिसी यू-१९ विश्वकपमा सन्दीपले आयरल्यान्डविरुद्ध ह्याट्रिक लिएका थिए। उनले आयरल्यान्डविरुद्ध २७/५ को उत्कृष्ट प्रदर्शन गरेका थिए। यू-१९ विश्वकप र ब्लिजमा गरेको प्रदर्शनका आधारमै उनलाई माइकल क्लार्कले अस्ट्रेलियामा प्रशिक्षण गर्न निमन्त्रणा दिए। सन् २०१८ मा आइपिएलको अक्सनमा सन्दीप एसोसिएटतर्फको विदेशी कोटामा परेका थिए। दिल्ली डेयरडेभिल्सका प्रशिक्षक तथा अस्ट्रेलियाका पूर्वकप्तान रिकी पोन्टिङले सन्दीपलाई न्यूनतम २० लाख भारुमा अनुबन्ध गरे। पहिलो सिजनमै उत्कृष्ट बलिङ प्रदर्शन गरेका कारण सन्दीप थप दुई सिजन दिल्लीमै रहे। आइपिएलको प्रदर्शनसँगै सन्दीपको अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइजमा ढोका खुल्यो। सन् २०१८ देखि २०२२ सम्म उनी विश्वकै चर्चित क्लबमा अनुबन्ध भएपनि पछिल्लो समयमा चर्चित अन्तर्राष्ट्रिय फ्रेन्चाइज लिगमा आबद्ध हुन सकेनन्।



एकदिवसीयमा कम खेलमा सय विकेट

५० ओभरको फर्म्याटमा कम खेलमा सय विकेट लिने सन्दीप पहिलो बलर हुन्। ८ वैशाख ०८० मा उनले एसिसी प्रिमियर कपअन्तर्गत ओमानविरुद्ध विकेट लिँदै एकदिवसीयमा सर्वाधिक छिटो सय विकेट पूरा गर्ने खेलाडीको विश्व कीर्तिमान बनाएका थिए। उनले ४२ खेलमा सय विकेट पूरा गरे। यसअघि अफगानिस्तानका रसिद खानले ४४ खेलमा सय विकेट लिएका थिए। उनले अहिलेसम्म ५१ एकदिवसीय खेलमा एक सय १२ विकेट लिएका छन्। ५२ अन्तर्राष्ट्रिय टी-२० मा उनले ९८ विकेट हात पारेका छन्। सन्दीपले अन्तिमपटक सन् २०२३ को ४ सेप्टेम्बरमा एसिया कपअन्तर्गत भारतविरुद्ध एकदिवसीय खेल खेलेका थिए। सन् २०२३ को ५ नोभेम्बरमा उनले ओमानसँग अन्तिमपटक प्रतिस्पर्धा गरे।

नयाँ च्याम्पियन हुन धनगढी र ललितपुर प्रतिस्पर्धामा

नयाँ पत्रिका



दोस्रो संस्करणको नेपाल सुपर लिगले नयाँ विजेता पाउने पक्का छ। धनगढी एफसी दोस्रो र ललितपुर सिटी पहिलोपटक फाइनल पुगेका हुन्। साबिक विजेता दोस्रो प्ले अफबाट बाहिरिएपछि सुपर लिगले नयाँ विजेता पाउन लागेको हो। दुवै टोलीका कप्तान तथा प्रशिक्षकले उपाधि जित्न सबै प्रयास गर्ने बताएका छन्। धनगढी र ललितपुरको फाइनल यात्रामा विदेशी खेलाडी नै नायक देखिएका छन्। उपाधि जित्न पनि यी दुवै टोलीका प्रशिक्षकले मैदानमा एकैपटक पाँच विदेशी खेलाडी उतार्ने सम्भावना उत्तिकै छ।

ललितपुरका कप्तान तथा मार्की अनन्त तामाङले पोखराविरुद्धको खेलसँगै खेलाडी मानसिक रूपमा तयार भएको बताए। 'हामीले एक दिनको अन्तरमा फाइनल खेल्दै छौँ, यद्यपि अघिल्लो खेलमा १० खेलाडीमा ललितपुरले पोखरालाई हरायो,' तामाङले भने, 'धनगढीले धेरै रेस्ट पायो, हामी फाइटमा छौँ।' ललितपुरले निखिलसँगै विवेक पौडेल र रोशन पहारीलाई चोटकै कारण गुमाउनेछ। दोस्रो क्वालिफायर्समा ललितपुरले पोखरालाई २-१ र इलिमिनेटरमा काठमाडौंलाई ३-० ले हराएको थियो। धनगढीले चार दिन विश्रामपछि फाइनल खेल्न लागेको हो।

धनगढीका प्रशिक्षक युगलकिशोर राईले प्रतिस्पर्धा स्तरीय हुने र भाग्यमानी टोली च्याम्पियन हुने बताए। ललितपुरका अस्ट्रेलियन प्रशिक्षक इआन आन्द्रे गिलानले २८ घण्टाको बीचमा खेल्दा समस्या हुने बताएका छन्।



नोयडालाई चार रनले हराउँदै पुलिस फाइनलमा



तिवारी यादव/नयाँ पत्रिका

नेपाल पुलिस क्लबले भारतको वन्डर क्लब नोयडालाई चार रनको झिनो अन्तरले हराउँदै प्रो क्लब च्याम्पियन टी-२० क्रिकेट प्रतियोगिताको फाइनल स्थान सुरक्षित गरेको छ। नारायणी रंगशालामा पुलिसले पहिलो ब्याटिङ गरी नौ विकेट गुमाएर एक सय १२ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा नोयडाले २० ओभरमा नौ विकेटको क्षतिमा एक सय आठ रन बनाएपछि पुलिस चार रनले विजयी भएको हो। अब उपाधि भिडन्तमा पुलिसले पर्सा ११ को सामना गर्नेछ।

प्रतियोगिताको दोस्रो सेमिफाइनलमा पर्साले राष्ट्रिय खेलाडीले भरिएको नेपाल आर्मी क्लबलाई ३० रनले स्तब्ध बनायो। पहिलो ब्याटिङ गरेको पुलिसका लागि अर्जुन साउदले ३५ बलमा ४२ रन बनाए। सुनील धमलाले ४५ बलमा ३४ रन जोडे। दिलीप नाथले १३ बलमा १० रनको योगदान गरे। नोयडाका बलर अल्पित गुप्ताले चार ओभरमा २१ रन दिएर दुई विकेट लिए।

सञ्जीव चतुर्वेदीले दुई ओभरमा १० रन दिएर एक विकेट लिए। नोयडाको ब्याटिङमा वंश बेदीले ४० बलमा ४३ रन बनाए। अल्पित गुप्ताले १५ बलमा २० रन बटुले। सिद्धार्थ गोस्वामीले २० बलमा १३ रन र उजैर मल्लिकले १९ बलमा १२ रन जोडे। पुलिसका बलर सागर ढकालले चार ओभरमा १७ रन दिएर तीन विकेट लिए।

आइपिएलको पहिलो ह्याट्रिक



१७औँ संस्करणको इन्डियन प्रिमियर लिग (आइपिएल)को अक्सन यसै साता सम्पन्न भएको छ। अस्ट्रेलियाका मिचेल स्टार्क इतिहासकै महँगा खेलाडी बने। आइपिएलकै प्रसंग निकालिरहँदा पहिलो संस्करणमै ह्याट्रिक भएको थियो। चेन्नई सुपर किंग्सका लक्ष्मीपति बालाजीले किंग्स पन्जाब ११ विरुद्ध ह्याट्रिक गरेका थिए। खेलको अन्तिम ओभरमा उनले पन्जाबका तीन खेलाडीलाई लगातार बलमा आउट गर्दै आइपिएलकै इतिहासमा पहिलो ह्याट्रिक गर्ने बलरका रूपमा आफूलाई स्थापित गराए। सो खेलमा उनले २४ रन खर्चेर पाँच विकेट लिए।

दिनेशले उपाधि रक्षा गरे

नयाँ पत्रिका

चौथो वरीयताका जयराम श्रेष्ठलाई हराउँदै दिनेश प्रजापतिले सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्लेको उपाधि रक्षा गरेका छन्। साबिक विजेता दिनेशले रोयल नेपाल गल्फ क्लबमा शुक्रबार भएको ३६ होलको फाइनलमा जयराम श्रेष्ठलाई ६-४ ले हराउँदै लगातार दोस्रोपटक उपाधि जितेका हुन्। संयोगले उनको यो करिअरको दोस्रो उपाधि हो। अनुभवी चौथो वरीयताका जयराम र तेस्रो वरीयताका दिनेशबीच १८ होलसम्म कडा प्रतिस्पर्धा चलेको थियो। नवौँ होलको समाप्तिमा जयराम एक होलले अगाडि थिए। तर, १८ होलपछि दिनेशले खेललाई बराबरीमा पुर्‍याए। बराबरीसँगै दिनेश खेलमा हाबी भए। १९औँ होलमा करिब ३० यार्डबाट दिनेशले बर्डी प्रहार गर्दै एक होलको अग्रता बनाए। २३औँ होलमा जयरामले पार जोगाउन सकेनन्। दिनेशले दुई होलको अग्रता लिए। रामेले ३२ हजार र भुवनले २४ हजार रुपैयाँ पाए। विजयी खेलाडीलाई सूर्य नेपाल प्रालिका मार्केटिङ म्यानेजर केशव प्रधान र एनपिजिएका अध्यक्ष रवीन्द्रमान श्रेष्ठलगायतले पुरस्कृत गरेका छन्।



कुमारी बैंक लिमिटेड शाखा कार्यालय टाँडी, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा टाँडी, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० पुस २९ गते आइतबार**का दिन शाखा कार्यालय टाँडी, चितवनमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा मिति २०७२/०२/१९ मा प्रा.फ.द.नं.१११८/०७१/७२ कायम भई दर्ता रहेको चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यौपाने इन्टरप्राइजेज** (प्रोपाईटर देवी प्रसाद न्यौपानेको नाति, तोक प्रसाद न्यौपाने/सरस्वती न्यौपानेको छोरा, सीता न्यौपानेको पति, चितवन जिल्ला, शारदानगर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७ बस्ने **झपेन्द्र न्यौपाने** (ना.प्र.नं. ३९३८/३९३८, जारी मिति २०४४/०६/०४, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. देवी प्रसाद न्यौपानेको नाति, तोक प्रसाद न्यौपाने/सरस्वती न्यौपानेको छोरा, सीता न्यौपानेको पति, चितवन जिल्ला, शारदानगर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७ बस्ने **झपेन्द्र न्यौपाने** (ना.प्र.नं. ३९३८/३९३८, जारी मिति २०४४/०६/०४, जिल्ला प्रशासन कार्यालय चितवन)।
२. खदन प्रसाद अधिकारीको नातिनी, तुलसी अधिकारी/तुलसी माया अधिकारीको छोरी, तोक प्रसाद न्यौपाने/सरस्वती न्यौपानेको बुहारी, झपेन्द्र न्यौपानेको पत्नी, चितवन जिल्ला, शारदानगर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७ बस्ने **सीता न्यौपाने** (ना.प्र.नं. ३५३०३७/१४३, जारी मिति २०६३/११/१०, जिल्ला प्रशासन कार्यालय चितवन)।
३. तोक प्रसाद न्यौपाने/सरस्वती न्यौपानेको नाति, झपेन्द्र न्यौपाने/सीता न्यौपानेको छोरा, चितवन जिल्ला, चितवन न.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७ बस्ने **सिजन न्यौपाने** (ना.प्र.नं. ३५-०१-७३-०७७२२, जारी मिति २०७३/०७/०१, जिल्ला प्रशासन कार्यालय चितवन)।

२. ऋणीको विवरण:
खदन प्रसाद अधिकारीको नातिनी, तुलसी अधिकारी/तुलसी माया अधिकारीको छोरी, तोक प्रसाद न्यौपाने/सरस्वती न्यौपानेको बुहारी, झपेन्द्र न्यौपानेको पत्नी, चितवन जिल्ला, शारदानगर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७ बस्ने **सीता न्यौपाने** (ना.प्र.नं. ३५३०३७/१४३, जारी मिति २०६३/११/१०, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. देवी प्रसाद न्यौपानेको नाति, तोक प्रसाद न्यौपाने/सरस्वती न्यौपानेको छोरा, सीता न्यौपानेको पति, चितवन जिल्ला, शारदानगर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ७ बस्ने **झपेन्द्र न्यौपाने** (ना.प्र.नं. ३९३८/३९३८, जारी मिति २०४४/०६/०४, जिल्ला प्रशासन कार्यालय चितवन)।

लिलाम हुने सम्पत्तीको विवरण:
१. **सीता न्यौपाने**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ३३६९ को क्षेत्रफल ३६३.७५ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० पुस २८ गते** भित्र बैंकको शाखा कार्यालय टाँडी, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय टाँडी, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० पुस २९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय टाँडी, चितवनमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय टाँडी, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस २९ गते आइतबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय टाँडी, चितवन फोन नं. ०५६-५६३०६६/०६७

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जितपुर, कपिलवस्तुको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/१४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा जितपुर, कपिलवस्तुबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० पुस २९ गते आइतबार**का दिन शाखा कार्यालय जितपुर, कपिलवस्तुमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:
वलम थारुको नाती, लहनु थारुको छोरा, खुसिया थारुको पति कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका., वडा नं. ११ बस्ने **बाबुराम थारु** (ना.प्र.नं. २४५९५ जारी मिति २०५६/०५/७, जिल्ला प्रशाशन कार्यलय कपिलवस्तु)...१ र अडनु थारुको बुहारी, बाबुराम थारुको पत्नी, कपिलवस्तु जिल्ला हथौसा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा नं. ११ बस्ने **खुसिया थारु** (ना. प्र. नं. ३९९१३ जारी मिति २०५८/११/९ जिल्ला प्रशाशन कार्यलय कपिलवस्तु)...१ समेत जना २।

व्यक्तिगत जमानीकर्ताको विवरण :
१. लहनु थारुको नाती, बाबुरामा थारु/खुसिया थारुको छोरा कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका वडा नं. ११ बस्ने **विशाल चौधरी थारु** (ना.प्र.नं. ३८-०६-७४-०२१३५ जारी मिति २०७४/५/४, जिल्ला प्रशाशन कार्यलय कपिलवस्तु)।

लिलाम हुने सम्पत्तीको विवरण:
१. **खुसिया थारु**को नाममा मालपोत कार्यलय तौलिहवा, कपिलवस्तुमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १०५३ को क्षेत्रफल ०-१-४-३ (बि.क.धु.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० पुस २८ गते** भित्र बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जितपुर, कपिलवस्तुबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० पुस २९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जितपुर, कपिलवस्तुमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस २९ गते आइतबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय जितपुर, कपिलवस्तु फोन नं. ०७६-५५०४१८

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com